# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ३१ साउन २०८१

# विहीबार

# बैठक सङ्ख्या- ३२

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१५ बजे प्रारम्भ भयो।

(१३:१९ बजे)सम्माननीय अध्यक्ष:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय पदम बहादुर परियार।

(१३:२० बजे) माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस):- सम्माननीय अध्यक्ष महोदय, दलित समुदायले सदियौंदेखि राज्य र समुदायको तर्फबाट विभेद, अपमान र अमानवीय व्यवहार खेप्दै आएका छन्। हजारौं हजार दलितहरूले रगत र पसिना बगाएर ल्याएको लोकतन्त्र र गणतन्त्रमा पनि दलित समुदायले चैनको साथ जीवन बाँच्न पाएका छैनन्। अध्यक्ष महोदय, कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं. ९ ल्वाङघलेल गाउँमा श्रावण १० गते भलिबल खेल्ने क्रममा दलित समुदायका विशाल परियार र अरुण गुरुङको सामान्य झगडा हुँदा

राती घरमा आई त्यसै समुदायका आशिष गुरुङ, राजेश गुरुङ, देवी गुरुङ, अस्मिता गुरुङ लगायतका व्यक्तिहरूले घरमा कुटपिट गरेको पाइएको छ। नेपालको संविधानको धारा २४ ले जातीयताको आधारमा छुवाछुत र भेदभाव गर्न पाइने छैन भन्ने कुरा सुनिश्चित गरेको छ। धारा १८ ले समानताको हक अन्तर्गत नागरिकहरू बिचमा कुनै पनि उत्पत्ति, धर्म, जातिको आधारमा विभेद गरिने छैन भनेर व्यवस्था गरेको छ। तसर्थ म सम्माननीय अध्यक्ष महोदयमार्फत सरकारसँग यसको बारेमा ..... (समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रुकमिणी कोइराला।

(१३:२१ बजे) **<u>माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, झिमरुक गाउँपालिका ३ बाँदिकोटको ..... वडा कार्यालय ..... बाट एकल महिलाले पाउने भत्ता बुझेर घर फर्कँदै थिइन्। उनको साथमा भत्ता बापत् बुझेको चार महिनाको आठ हजार रुपैयाँ थियो। उनको पति झक्र बहादुरको दुई वर्ष अघि नै मृत्यु भइसकेको थियो। पतिको मृत्यु पछि उनको सहारा सामाजिक सुरक्षा भत्ता थियो। एक्कासी साउन १५ गते उनी भत्ता बुझेर साँझ पाँच बजे वडा कार्यालयबाट घरतर्फ लागिन् तर घरमा नपुग्दै उनी बेपत्ता भइन्। नौं दिन पछि उनको शव स्थानीय तारेभिरमा गिद्धले खाँदै गरेको भेटियो। विडम्बना छ, कास्तो बिडम्बना भत्ता लिन जाँदा ज्यानै गुमाउनु पर्ने यो त उदाहरण मात्र हो। तर हाम्रो देशका विकट गाउँमा यस्ता घटनाहरू कति घटेका होलान्? यस्ता मानिसको लागि सुलभ तरिकाले भत्ता स्थानीय वडा कार्यालयलाई नै घर घरमा भत्ता पुऱ्याएर सहयोग ..... (समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रेनु चन्द।

(१३:२२ बजे) **<u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, डढेलधुराको रङ्गुन नदीमाथि मोटरब्रीज निर्माण गर्न चौध करोड अठसठ्ठी लाखको डीपीआर भएको छ। हाल भौतिक मन्त्रालयबाट एक करोड र सहरी मन्त्रालयको पुल महाशाखाले पचासी लाख छुट्टाएको छ। यो पैसाले पुल बन्दैन। तसर्थ सरकारले स्रोत सुनिश्चित गरी चौध करोडको टेन्डर गरी यो रङ्गुन नदीको पुल निर्माण गरी जनतालाई सहयोग गर्न म गम्भीरतापूर्वक सरकारसँग माग गर्दछु। साथै बाढी पहिरोले आलिताल

गाउँपालिका वडा नं. ७ डाँडीकोइरालेमा भएको तटबन्ध दुवैतिरबाट भत्किएर त्यहाँ वर्षेनी दश/पन्ध्र घर परिवार विस्थापित हुँदै छन्। त्यहाँ विस्थापित परिवारको सुरक्षित बसोबास र जोखिममा रहेका जनताको सुरक्षाको लागि म सरकारसँग माग गर्दछु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१३:२३ बजे)<u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)</u>ः- सम्माननीय अध्यक्षज्यू, गुल्मीको मुसिकोट नगरपालिकामा दुई पटकको बाढी पहिरोले एकै घरका एघार जना दलित परिवारको ज्यान गएको छ। २०६४ सालमा सात जना र २०८१ साल यही श्रावण २२ गते चार जना गरी गुल्मीको मुनपा बिसौनाका एउटै दलित परिवारको एघार जनाको ज्यान गएको छ। दिवङ्गत आत्माको वैकुण्ठबासको कामना गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामनासहित तुरुन्त राहत र क्षतिपूर्ति उपलब्धका लागि सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। यसैगरी अविरल वर्षाका कारण देशैभरिबाट ज्यान गुमाउने व्यक्तिहरूलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते र विस्थापितहरूको उद्धारको लागि सरकारसँग अनुरोध गर्न चाहन्छु। गुल्मी रेसुङ्गा नगरपालिकाकि एक जना युवतीले विवाह भएको तीन महिना नबित्दै सिन्दुर पुछ्नुपरेको छ। दुःखद् घटनाले मन छोएको छ। ती बहिनीको आत्मबल वृद्धिको कामना गर्दै २६ वर्षीय युवक वैदेशिक रोजगारीको सिलसिलामा सडक दुर्घटनाबाट ज्यान गुमाएका भाइको बैकुण्ठमा बासको कामना र हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा ..... (समय सकिएको) ।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१३:२४ बजे)<u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी)</u>ः- सम्माननीय अध्यक्ष महोदय, कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं. ९ ल्वाङघलेल गाउँमा विशाल परियारसँग दिउँसो भएको सामान्य निहुँमा अरुण गुरुङको परिवारसहितको ७ जनाको गुन्डा टिम आएर एक्कासी श्रावण १० गते राती १०:३० बजे विशाल परियारकै घर तोडफोड गरी कुटपिट गरी मरणासन्न हुने गरी कुटेर गएको समाचार छ। यो अत्याचारलाई लिएर विशाल परियार आफ्ना आमासहितको उद्धारको निमित्त उजुरी गर्न कास्की जिल्ला प्रहरीमा जाँदा प्रहरी प्रशासनले उल्टै नाम बदल्न र उजुरीको प्रकृति बदल्न धम्की दियो। त्यसो हुँदाखेरि

यो प्रक्रियालाई तुरुन्तै कार्यान्वयनमा लिइयोस् र दोषी माथि तुरुन्तै कारबाही होस् भन्ने म धारणा राख्न चाहन्छु र गृह मन्त्रालयलाई तुरुन्त निर्देशन होस् भन्ने सम्माननीय अध्यक्षमार्फत म अनुरोध ..... (समय सकिएको) ।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१३:२५ बजे)<u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, नुवाकोटको ओखरपौवामा स्थित बञ्चरेडाडाँको डम्पिङ्ग साइट हामी सबैलाई ज्ञातै छ। त्यस वरिपरि चाउथे ओखरपौवा र धादिङको जीवनपुरको त्यो वरिपरिका जनता क्यान्सरपीडित त्यहाँको फोहोरका कारणले गर्दा यो वर्ष क्यान्सर प्रत्येक घरबाट एक एक जना चाहिँ क्यान्सरको चाहिँ समस्या जन्मने जस्तो भयावह समस्याबाट पीडित छन्। म फोहोर व्यवस्थापनको वैकल्पिक व्यवस्था पनि सोच्न र त्यो भेगका जनताको शिक्षा, स्वास्थ्य र रोजगारप्रति गम्भीर हुनको लागि म सम्माननीय अध्यक्षज्यूमार्फत म सरकारको ध्यानाकर्षण गर्छु। धन्यवाद।

(१३:२६ बजे)<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। र म यो बिचमा एउटा सानो सूचना पनि म भनिहालौँ कि आजको कार्यव्यवस्था परामर्श समितिको बैठकले अब जति दिन चाहिँ हाम्रो सभा चल्छ, हरेक दिन चल्दाको दिन सधैँ शून्य समय रहनेछ। अहिलेसम्म हप्ताको तीन दिन मङ्गलवार, बुधवार र बिहीवार भन्ने थियो। अब चाहिँ चलेको दिन शून्य समय रहन्छ। त्यो चक्रिय आधारमा रहन्छ। तीनवटा समूह हामीहरू बिचमा छ। त्यही आधारमा चल्छ भन्ने कुराको पनि म यहाँहरूलाई जानकारी गराउँछु। र यो शून्य समय यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म, माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु।

सर्वप्रथम माननीय सदस्य सोनाम गेल्जेन शेर्पा। समय ७ मिनेट। यसपछि माननीय सदस्य झक्कु प्रसाद सुवेदी।

(१३:२७ बजे) <u>माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्षज्यू, २०८१।०४।२६ गतेको दिन अन्दाजी ४:४५ बजे बेलुका सोलुखुम्बु दुधकुण्ड नगरपालिका वडा नं. ६ नयाँबजार डाडाँ गाउँस्थित सल्लेरी जालसाह जलविद्युत कम्पनी लिमिटेडले रुख, हाँगा काट्ने क्रममा कम्पनीमा कार्यरत विष्णु राईको मृत्यु भएको, बुद्धिराज भण्डारी दैनिक मजदुरी गर्ने टासी शेर्पा, कुमार बस्नेतसमेत चारजना घाइते भएको उपचारको क्रममा २०८१।०४।२६ गते बेलुका फाप्लु अस्पतालमा ६ बजेको समयमा विष्णु राईको मृत्यु भएको देखिन्छ। र विशेषगरी त्यहाँ सहमति पनि भएको छ। र सहमतिमा विष्णु राईको परिवारलाई पच्चिस लाख रुपैयाँ दिने भन्ने सुन्दै आएको छु र केही रकम दिएर पछि मिलाउने भनेर आएको छ। र मैले यो सदनमार्फत नेपाल सरकारमा के ध्यानाकर्षण गर्न चाहें भने यस्तो sensitive काममा काम गर्ने कामदारहरूको बिमा रहेनछ। बिमा हुनुपर्छ। र मृतक परिवारको क्षतिपूर्तिको व्यवस्था हुनुपर्छ र जुन किसिमले चाहिँ कम्पनीले चाहिँ प्रतिबद्धता व्यक्त गरेको थियो र सहमति भएको थियो। त्यो रकम क्षतिपूर्ति तत्कालै दिनुपर्छ। र यसमा सुरक्षा विधि अपनाएको देखिँदैन । त्यसकारण यस्तो sensitive ठाउँमा काम गर्दा विद्युतीय क्षेत्रमा काम गर्दाखेरि त्यसलाई चाहिँ अलिकति यो safety लाई अलिकति ध्यान दिनको लागि म यो सदनमार्फत नेपाल सरकारको चाहिँ ध्यानाकर्षण गराउन चाहन्छु। र insurance लगायत र त्यहाँ तालिम प्राप्त नभएका कामदारहरूलाई लगाएको छ र कसरी current आउँछ? के आउँछ विद्युतको प्रवाह कसरी हुन्छ? भनेर अनि अर्को कुरा विद्युतलाई बन्द गरेर चाहिँ त्यहाँका काम गरिएको छ। र विद्युत कहिले खोल्ने बन्द गर्ने खालको एउटा चाहिँ उनीहरुभित्र communication नभएको हुनाले यो घटना घट्न गएको छ। त्यसकारण यस्ता यस्ता घटनाहरू नहोस् र मृतक परिवारले क्षतिपूर्ति पाओस् र घाइतेहरूको शीघ्र उपचार होस् भनी नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छु।

अर्को यो देशमा हाम्रो यो National ID को विषयमा धेरै कुरा उठ्ने गरेको छ। र सरकारबाट गल्ती कमजोरी भएको छ। यो National ID लाई कुनै पनि ठाउँमा लागू गर्दाखेरि एक वर्ष या डेढ वर्ष समय हुनुपर्छ भन्ने मान्यता म पनि राख्दछु। तर आज यो देशमा National ID लागू भइसकेपछि देशले धेरै फाइदाहरू महसुस गर्नु पर्छ जस्तो मलाई लाग्दछ। पहिला हामी National ID नहुँदाखेरि एउटा पासपोर्ट लिन जाँदाखेरि एउटा टाढा टाढाको काठमाडौंको समस्या थिएन। टाढा टाढाले गएर चाहिँ सीडीओ को मा गएर आफ्नो नागरिकता verify गरेर एउटा certificate लिएर अनि नागरिकता बनाउनु पर्थ्यो। तर आज National ID आइसकेपछि कुनै पनि verify लिनु पर्दैन। National ID को नम्बर हुनासाथ ऊ नागरिकताको राहदानी

विभागले नै verify गर्छ र त्यहाँबाट नागरिकता दिने चलन छ। आज यसो हेर्दाखेरि डाटामा हेर्दाखेरि हाम्रो देशमा यो जुन किसिमको चाहिँ यो वृद्धभत्ता यो हाम्रो सामाजिक सुरक्षा भत्ताहरू छ। त्यो चाहिँ तीन चार ठाउँमा नै लिने गऱ्या रहेछ। पहिले नागरिकता हुँदाखेरि तीन चार ठाउँमा नै लिने गऱ्या रहेछ। तर National ID मा जोड्न थालिसकेपछि मान्छेले एक ठाउँबाट कुनै पनि व्यक्तिले चाहिँ त्यो लिनुपर्दाखेरि भत्ता लिनुपर्दाखेरि एक ठाउँबाट अरु ठाउँबाट लिन सक्ने व्यवस्था छैन। त्यसकारण पनि यो एउटा प्रणाली एकदमै राम्रो छ। यसलाई हामीले यसलाई चाहिँ भोलि उसमा चाहिँ चालक अनुमति पत्रमा जोड्न सक्छौ त्यसले गर्दाखेरि हाम्रो कार्ड छाप्ने उहरू निरुत्साहित हुन्छ र यो एउटै कार्डले चाहिँ धेरै ठाउँहरूमा धेरै कामहरू गर्छ। हामी कुनै ठाउँमा परिचय गर्दाखेरि यो National ID यो हो भन्यो भने उसले चाहिँ त्यो National ID verify गरेर हामीलाई धेरै सजिलो यो एउटा नेटवर्किङ्मा जोड्ने एउटा चाहिँ अवसरहरू प्राप्त भएको छ र देश एउटा सिस्टममा चल्नुपर्छ र अरु ठाउँमा सिङ्गापुरमा हेर्दाखेरि यो National ID लाई नै ATM कार्डसँग पनि जोड्या रहेछ। बैङ्कसँग पनि जोड्या रहेछ। त्यसकारण यो National ID भित्र हामीले चाहिँ यो विद्युतीय माध्यमबाट हामीले चाहिँ सबै हाम्रो सम्पत्तिदेखि लिएर, हाम्रो जग्गा जमिनदेखि लिएर सबै बैङ्कको कारोबारदेखि लिएर सबै जोड्न सक्ने भएको हुनाले यसले Transparency कति गर्छ। सबै कुरो गर्छ। यो नागरिकता कीर्ते नागरिकता बनाउने प्रक्रिया पनि हट्छ। र जो नेपाली हो त्यसले मात्र National ID पाउँछ र नागरिकता पाउने व्यवस्था पनि हुन्छ भनेर म यहाँ सदनलाई अध्यक्षज्यूमार्फत अवगत गराउन चाहन्छु। र यसको लागि हामी सबैले पहलकदमी लिनुपर्छ देश एउटा system मा चल्नुपर्छ भन्ने मान्यता हामी सबैले राख्नुपर्छ र यो National ID हरेक क्षेत्रमा चाहिँ लागू गर्न पर्छ भनेर चाहिँ म जोड्दार माग गर्दछु। अब यो संविधान संशोधनको विषयमा राष्ट्रिय सहमतिको सरकार बनेको छ। सुशासनको विषयमा, संविधान संशोधनको विषयमा बनेको छ।

अब धेरै माननीयज्यूहरूले पनि संविधानको सभा यो संविधान संशोधनको विषयमा धेरै तर्क वितर्कहरू गऱ्यौं। तर संविधान संशोधन एउटा प्रक्रियाबाट हुन्छ। हामीले पनि यो सरकारले पनि के भन्या छौं भन्दाखेरि संविधान संशोधनको लागि भन्या छ। राष्ट्रिय सहमतिको सरकार भनेको छ। राष्ट्रिय सहमति नभईकन संविधान पनि हामीले संशोधन गर्न सक्दैनौं। त्यसकारण राष्ट्रिय सहमति भन्या छ। त्यसकारण यो हाम्रो नेपाली विवेकहरू के छ भने सत्तामा बसुन्जेलसम्म यो समानुपातिक, समावेशी कुनै पनि नचाहिने। तर सत्तामा भन्दा बाहिर आउनासाथ समावेशी चाहिने, समानुपातिक चाहिने। त्यो मुद्दाहरू धेरै उठ्ने, सत्तामा बसेको बेलामा कसैलाई नउठाउने। ने.क.पा एमालेले विगतमा पनि राष्ट्रपतिको Election मा पनि हामीले

जनजातिको चाहिँ उम्मेदवार बनाएका थियौं। महिलालाई चाहिँ उपराष्ट्रपतिको उम्मेदवार बनाएका थियौं। त्यसबेला चाहिँ यो समावेशीको कुरा आएन। समानुपातिकको कुरा आएन। तर आज सत्ता बाहिर आउँदाखेरि फेरी समावेशीको कुरा आयो। यो समानुपातिकको कुरा आयो। त्यसकारण अल्पसङ्ख्यकको कुरा आयो। जनजातिको कुरा आयो। त्यसकारण हामीले कति व्यवहारमा लागू गर्छौं भन्ने कुरासँग चाहिँ जनताले विश्वास गर्ने कुरा हो। तर कागजमा लेख्नासाथ त्यसले चाहिँ एउटा चाहिँ यो कार्यान्वयन कै पक्षमा जान्छ भन्ने कुरामा जनतालाई पनि विश्वास छैन। त्यसकारण सत्तामा बस्दाखेरि त्यो सत्तामा बस्ने शासकहरूले कत्तिको त्यसलाई चाहिँ मनन गरेको छ भन्ने कुरामा जनताले विश्वास राखेको हो जस्तो मलाई लागेको छ। त्यसकारण राष्ट्रिय सहमतिको सरकार भनेर चाहिँ यहाँ राष्ट्रिय सहमतिको सरकार भन्या छ। त्यसकारण राष्ट्रिय सहमति हुनु नै हाम्रो चाहिँ यो संविधान संशोधनको पाटो हो जस्तो मलाई लाग्दछ। र भर्खरै हाम्रो टीआरसी विलमा पनि त राष्ट्रिय एउटा सहमति भयो। तीन दलीय सहमति भएर जुन किसिमको चाहिँ यो टीआरसी विधेयक चाहिँ पास भएको छ। त्यसले पनि हामीलाई के देखाउँछ भने हामी सहमतिभन्दा बाहिर जान सक्दैनौं। संविधान संशोधनको विषयमा होस् या टीआरसी विधेयकको सम्बन्धमा होस् राष्ट्रिय मुद्दामा होस् हामी सहमतिभन्दा बाहिर जान सक्दैनौं। त्यहाँ स्पष्ट आएको छ। त्यसकारण हामी सबैले यो राष्ट्रिय सहमतिको सरकारमा सहभागी भएर चाहिँ हामीले उक्त संविधान संशोधन दलितको विषयमा, जनजातिको विषयमा, अल्पसङ्ख्यकको विषयमा चाहिँ राष्ट्रिय सहमतिको सरकारलाई चाहिँ साथ दिनुपर्छ जस्तो मलाई लागेको छ। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य झक्कु प्रसाद सुवेदी। समय १५ मिनेट। यसपछि माननीय सदस्य नारायण दत्त भट्ट।

(१३:३४ बजे)<u>माननीय श्री झक्कु प्रसाद सुवेदी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-</u> सम्माननीय अध्यक्ष महोदय, हिजो मात्र टीआरसी विधेयक प्रतिनिधि सभाबाट पारित भएको छ। त्यो अब राष्ट्रिय सभामा आउने छ। राष्ट्रिय सभाबाट पनि हामी पारित गर्ने छौं। र फेरि प्रतिनिधि सभामा त्यो पठाइने छ र त्यहाँ सभामुखबाट प्रमाणित भइसकेपछि राष्ट्रपति महोदयबाट त्यो प्रमाणिकरण हुनेछ। र यो शान्ति प्रक्रियाको बाँकी भएका त्यसपछि कानुन बन्ने छ र त्यसपछि शान्ति प्रक्रियाको बाँकी भएको कामहरू पूरा हुनेछ। यसमा नेपाली जनताले खुसी प्रकट गरेका छन्। अध्यक्ष महोदय, यो त्यत्ति मात्र होइन। हामी सबैलाई थाहा छ। २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मङ्सिर ५ गतेसम्म नेपालमा जनयुद्ध सञ्चालन भयो। यो जनयुद्धको

बारेमा मैले यहाँ किन बोल्दैछु भने हामीले सुन्यौं, हिंसात्मक द्वन्द्व, सशस्त्र युद्ध र जनयुद्ध। म हिंसात्मक द्वन्द्वको बारेमा म यहाँ राख्न चाहन्नँ। किनभने हिंसात्मक द्वन्द्व भन्ने कुरा संविधानमा पनि छैन। जसले यो जनयुद्धलाई मन पराउँदैनन्, तिनीहरूले जे पनि भन्छन्। त्यो भनिराखेका छन्। तर देशका कार्यकारीहरूले बोल्दा प्रधानमन्त्रीले बोल्दा, मन्त्रीहरूले बोल्दा मलाई लाग्छ संविधानमा उल्लेख भएका शब्दहरू प्रयोग गर्नु पर्ने हुन्छ। सशस्त्र द्वन्द्व भनेर संविधानमा लेखिएको छ। सबैले सशस्त्र द्वन्द्व भनिराखेको छ। तर म यहाँ के स्पष्ट गर्न चाहन्छु भने त्यो सशस्त्र द्वन्द्व होइन। त्यो त जनयुद्ध हो। जहाँ बिनासेना थालना गरेका थियौं हामीले। बिनासेना थालनी गरेको जनयुद्ध कसरी सशस्त्र द्वन्द्व हुन्छ? हामी जनतामा गएर जनताको छोराछोरीहरूलाई हामीले सङ्गठित गरेर तिनीहरूलाई convince गरेर हामी जनयुद्ध अगाडि बढाएका हौं। जब सेना नै थिएन भने हतियार हुने कुनै भएन किनभने हतियार भनेको सेनाले बोक्ने हो। जनयुद्ध गर्दै जाँदा अगाडि बढ्दै जाँदा सेना पनि भयो, हतियार पनि भयो। सबै चिज भयो। त्यसकारणले गर्दा मैले यहाँ राखें, त्यो सशस्त्र द्वन्द्व पनि होइन। सशस्त्र द्वन्द्व यो नकारात्मक शब्द होइन यो। त्यो सकारात्मकै शब्द हो त्यो सशस्त्र द्वन्द्व भनेको। तर यहाँ हिंसात्मक द्वन्द्व जो हिंसा गर्ने उद्देश्यका साथ जनतालाई दुःख दिने उद्देश्यका साथ साँच्चै भन्ने हो भने भारतको वीरप्पनहरूले गरेको हो त्यो हिंसात्मक द्वन्द्व भनेको। मैले यो स्पष्ट गर्न चाहन्छु। २०५२ फागुन १ गते देखि २०६३ साल मङ्सिर ५ गतेसम्म माओवादी पार्टीका अध्यक्ष कमरेड “प्रचण्ड”ले नेतृत्व गरेको त्यो महान जनयुद्ध हो। त्यो अब टुङ्गोमा पुग्दै छ। यो नेपाली जनताले खुसी प्रकट गरिसके।

अध्यक्ष महोदय, हामीले सुन्ने गर्छौं यहाँ त्यो भएको पनि छ। नेपालमा अहिले करिब दुई तिहाईको सरकार छ। पहिलो पार्टी र दोस्रो पार्टी सरकारमा छन्। दोस्रो पार्टीले सरकारको नेतृत्व गरिराखेको छ। यो जगजाहेर छ। यो सबैलाई थाहा छ। तर यो सरकारले के भन्छ भने विगतका सरकारहरू अस्थिर भए। स्थिरताको लागि हामीले सरकार बनाएको पहिलो पार्टी र दोस्रो पार्टी मिलेर भन्यौं। म तपाईंहरूलाई आग्रह गर्न चाहन्छु। किन पहिलो पार्टी र दोस्रो पार्टी मिलेर सरकार बनाउनु हुन्छ? तपाईंहरू अर्को चुनावमा चौरासीको चुनावमा पनि तपाईंहरू जानु दुईवटा पार्टी मिलेर जानुस्। त्यसपछि बराबर सिट बाँड्नुहोस् तपाईंहरू चुनावमा जानेबेलामा। एउटा सिट बाँकी रहन्छ। काँग्रेसले एमाले मान्छ भने काँग्रेस एक नम्बरको पार्टी भएको हुनाले काँग्रेसले उठाओस् मान्दैन भने त्यो गाई र त्रिशूल गर्नुहोस् तपाईंहरू। सबै देश तपाईंहरूले कब्जा गर्नुहोस्।

तपाईंहरूलाई थाहा छ नी? श्रीलङ्काका राजापाक्षेले पनि देश त्यसै गरेर कब्जा गरेका थिए। उनको हातल आज के भइराखेको छ? शेख हसिनाको बारेमा तपाईंहरू सबै जानकार हुनुहुन्छ। नेपाली जनता जानकार छ। उनको त दुई तिहाई बहुमत थियो। उनले त प्रमुख प्रतिपक्षलाई चुनावमा समेत आउन दिँदैन थिइन्। प्रमुख प्रतिपक्षको नेतालाई जेलमा राखेर उनका दशौं हजार कार्यकर्तालाई जेलमा थुनेर उनले चुनाव गर्थिन्। उनको पार्टीबाट स्वतन्त्र उठेर केही स्वतन्त्र उम्मेदवारहरूले जित्ने गर्दथे। आज शेख हसिनाको के हालत छ? यो कुरा शासकहरूले गम्भीरतापूर्वक बुझ्नुपर्छ कि पर्दैन? तपाईंहरूलाई थाहा छ पञ्चायती व्यवस्था विरुद्ध लड्नुभएकाहरू सबै चिज पञ्चायतको थियो। राष्ट्रिय पञ्चायतदेखि वडा सदस्यसम्म पञ्चायतको थियो। कर्मचारी सबै पञ्चायतका थिए। सेना, पुलिस सब पञ्चायतको थियो। तर त्यो निरङ्कुश पञ्चायती व्यवस्था टिकाउन सकेन। २०६२।०६३ को मुखमा सबै चिज ज्ञानेन्द्रको थियो।

अझ म अझ पहिले जान्छु २०३८ साल तिर जब जनमत सङ्ग्रह पछि जबर्जस्ती पञ्चायती व्यवस्थाले जित्यो। नेपाली काँग्रेसका ठुलठुला नेताहरू अब नेपालमा बहुदल आउँदैन भनेर महामन्त्री समेत भएका मान्छेहरू पञ्चायत प्रवेश गरेका थिए। तर गणेशमानज्यूको नेतृत्वमा आन्दोलन भयो। त्यो आन्दोलनले नेपालमा बहुदल ल्यायो। २०६२।०६३ को भन्दा अगाडिको २०६२ साल तिरको स्थिति पनि त्यस्तै थियो। ज्ञानेन्द्रले माथिदेखि तलसम्म बनाइसक्या थिए। संसद मात्र बनाएका थिएनन्। जिल्ला जिल्लामा उनका मान्छे भर्ना गरिराथें। पहिलेको अञ्चलाधीशहरू ब्युँझाइरा थें। ज्ञानेन्द्रको हालत के भयो? त्यो सबैलाई थाहा छ। आज हसिनाको दुई तिहाईको सरकारले हसिनालाई त्यहाँ बचाउन सक्यो? त्यहाँ बस्ने बाससमेत दिएन। आज अर्को देशमा शरण लिनुपर्यो। शरणार्थी भएर बस्नुपर्ने स्थिति छ।

त्यसकारण अध्यक्ष महोदय, सरकार अस्थिर भयो भनेर दुई तिहाईको सरकार बनाएम भन्नुभो। यो मिल्दै मिल्दैन। के को अस्थिर? संसदमा जसले बहुमत ल्याउँछ त्यसले सरकार बनाउँछ। विगतमा प्रचण्डको पक्षमा बहुमत भयो। प्रचण्डको सरकार बन्यो। अहिले प्रचण्डको पक्षमा बहुमत हुन सकेन सम्माननीय के.पी. शर्मा ओलीज्यूको नेतृत्वमा सरकार बन्याछ। तपाईंहरू भन्दै हुनुहुन्छ यो सरकार एउटा स्थिरताको लागि बनाएको। दोस्रो कुरा संविधान संशोधन होला कि नाई? संविधान संशोधन पनि कुन विषयमा गर्ने भन्ने नै भनेपछि तपाईंहरूको पेट बोलिमा छ। बाहिर बोल्दै हुनुहुन्छ। अब १०% threshold राख्ने र काँग्रेस र एमाले बाहेक अरु पार्टी सबै सिध्याइदिने। म नेपाली काँग्रेसलाई आग्रह गर्न चाहन्छु। नेपाली काँग्रेसको बारेमा धेरै थोरै मलाई पनि थाहा छ। म धेरै तिसौं वर्षदेखि काँग्रेसको बारेमा चालिसौं वर्षदेखि मैले अध्ययन गरेको छु। काँग्रेस लोकतान्त्रिक पार्टी रे! लोकतान्त्रिक पार्टीले सयौं फूलहरूलाई

फूल्न दिने हो कि? Multiparty System बाट Two Party System मा ल्याउने हो। काँग्रेसको विचार Multiparty System हो। के काँग्रेस Two Party System मा जान खोजेको हो? समानुपातिकले गर्दा आज संसदमा कसैको बहुमत आउन सकेन भनेर उहाँहरूले भन्दै हुनुहुन्छ। समानुपातिक भनेको सबैभन्दा उत्पीडनमा जो छन् तिनीहरूलाई ल्याउने होइन? महिलाहरूलाई ल्याउने होइन संसदमा? दलितलाई ल्याउने होइन? मधेसीलाई ल्याउने होइन? जनजातिहरूलाई ल्याउने होइन? अनि तपाईंहरू के को लोकतन्त्रवादी? राजा हुँदासम्म प्रजातन्त्रवादी भन्नुहुन्थ्यो। २०६३ सालपछि तपाईंहरू लोकतन्त्रवादी भन्नुहुन्छ। तपाईंहरू नामको मात्र लोकतन्त्रवादी हुनुहुन्छ।

अध्यक्ष महोदय, संविधान संशोधन गरौं। संविधान संशोधन त गर्नै पर्छ। किनभने यो शासकीय स्वरुप शासकीय प्रणाली परम्परागत छ। अब परम्परागत संसदीय व्यवस्थाबाट जनताको नेपाली जनताको समस्या समाधान गर्न सकिन्न। म तपाईंहरूलाई एउटा उदाहरण दिन्छु। तपाईंको सबैको गाउँमा त्यहि छ। विगतमा तीन हजार मतदाता हुने ठाउँमा कम्तीमा दुई हजार मत खस्थ्यो। अहिले पच्चिस सय मतदाता भएको ठाउँमा बाह्रसय मत पनि खस्दैन। सबै मतदान गर्न आउँछन् तर मत खस्दैन किनभने युवाहरू कोही पनि छैनन् गाउँमा। त्यो युवालाई आफ्नो देशमा रोजगारीको व्यवस्था गर्न नसक्ने परम्परागत संसदीय व्यवस्था त्यो शासकीय प्रणालीबाट अब देश सञ्चालन गर्न सकिन्न। त्यसकारणले गर्दा संविधान संशोधन गरौं। जनताबाट निर्वाचित कार्यकारी प्रमुख यो गरौं। समानुपातिक हटाउने होइन। समानुपातिक घटाउने होइन। पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाउँ। लोकतन्त्रवादीले उठाउने कुरा हो यो। यो नेपाली काँग्रेसले उठाउने कुरा हो यो। हामी माओवादीले उठाउने कुरा होइन। हामी त साम्यवादी हौं अझ। काँग्रेसले उठाउने कुरा यहाँ मैले उठाइराख्या छु। पूर्ण समानुपातिक निर्वाचन प्रणाली। पार्टीको नाममा भोट माग्ने। कुन पार्टी सबैभन्दा लोकप्रिय छ? सबैभन्दा लोकप्रिय जुन पार्टी छ। त्यहि पार्टीले सबैभन्दा बढी भोट पाउँछ। त्यहाँ महिला समानुपातिक अब ३३% होइन महिलाहरू ५०% दलितहरू आफ्नो हैसियत अनुसार समाजको बनावट जस्तो छ संसदको बनावट त्यस्तै हुनुपर्छ। तपाईंहरूको सरकार सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको सरकार ओलीज्यूको नेतृत्वले यो संशोधन यहाँ पेस गरोस्। हाम्रो पार्टी सहर्ष रूपमा स्वीकार गर्न तयार छ। तपाईंहरू कसै कसैलाई लाग्या होला हुन त म serious नै देखिरा छु। तपाईंहरू कसैलाई भित्र भित्र हाँसो पनि लाग्न सक्छ। यो कसरी सम्भव होला भनेर। किन सम्भव हुँदैन? संविधान सभा असम्भव भनेको होइन? संविधान सभाको एजेण्डा माओवादीले उठाउँदा धेरै हाँस्थे। धेरै रमाइलोमा बित्यो। माओवादीले यो रमाइलो गर्यो। रमाइलोको लागि

कुरा उठा हो भन्थे। तर संविधान सभाबाट नेपालमा गणतन्त्र आयो। आजका जो एजेण्डामा हामी बहस् गरिराछौं केही केही एजेण्डाहरू तपाईंहरूलाई मन परिराख्या छैन। अब अगाडि जाउँ। अब बहस् अगाडि बढाऔं। अब प्रतिगमनतिर होइन। पछाडितिर होइन। अब पछाडि हेर्ने होइन। २०४७ सालतिर जाने होइन। अब हामी चौरासीमा पुग्दा हामी नयाँ ठाउँमा पुगौं।

अध्यक्ष महोदय, आज म सदनमा आउँदै गर्दा उता बाहिरको गेटमा एउटा ठुलै पत्रकारलाई मैले भेटैं। त्यो पत्रकारले मलाई भन्नुभो, "हैन! यो सरकारको जग त हल्लिरा छ। के हो?" भन्नु भो मलाई। "मलाई थाहा छैन", भने। हैन! हैन छिमेकीहरू वरपरका छिमेकीहरूले पनि हल्लाइराख्या छन् रे? भेटघाट तीव्र गरिराख्याछन् रे! भनेर भन्नुभो। मलाई थाहा छैन भने। तर त्यहाँबाट यहाँ आउँदासम्म मैले सोचें हुनपनि सक्छ। त्यसैले मैले चालिस वर्ष अगाडि एउटा पढेको कुरा यहाँ मनमा लाग्यो। "कलियुग हे साहेब। हमेसा तयारीका साथ रहना। मौसम और इन्सान कब बदल्जाए, इस्का कोही भरोसा नही।" धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य नारायण दत्त भट्ट। समय १२ मिनेट। यसपछि माननीय सदस्य गोमा देवी तिमल्सिना।

(१३:५० बजे)<u>माननीय श्री नारायण दत्त भट्ट (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, आदरणीय सबै माननीयज्यूहरू, पहिलो कुरा त हाम्रो द्वन्द्व व्यवस्थापनको जुन टीआरसी नेपाल सरकार, सम्माननीय प्रधानमन्त्री, मन्त्री लगायत जसरी सम्पन्न गरिएको छ। यसले एउटा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्ने मलाई लाग्दछ। अब विषयवस्तु के थियो भने प्रसङ्ग धेरै राजनीतिक विषयमा प्रवेश नगरौं भन्ने इच्छा थियो। तर साथीहरूले राजनीतिक कुरा गरेपनि म पनि एउटा राजनीतिक पार्टीके कार्यकर्ता भएका कारणले त्यस्को उपयुक्त जवाफ दिनुपर्छ कि जस्तो लाग्दछ।

म विनम्रताका साथ साथीहरूलाई छातीमा हात राखेर सोध्न चाहन्छु। २०३६ सालमा जनमत सङ्ग्रह हुँदा कहाँ भोट हालेका थियौं? काँग्रेस त भन्छु आज काँग्रेस नभएको भए हाम्रो घाँटी रेटिँदा, हामीले ढुङ्गा खाँदा सबै विचारको सम्मान गरेर यो सदनमा आज उभिएर बोल्न सक्ने ठाउँ हुन्थेन होला। हामी कहिल्यै त्यो कुराको ख्याल गर्छौं? विनम्रका साथ सबै साथीहरूलाई अनुरोध गर्न चाहन्छु। यो पार्टी हो। जसले बुट, गोली खायो, जसले घाँटी रेटाइ पायो विचारका कारणमा काँग्रेस खोजी भन्ने नारा लगाउने साथीहरूलाई यो सदनमा आज यो प्राक्टिसमा ल्यायो, त्यो पार्टी काँग्रेस हो। कहिले असल कुराको पनि ख्याल गर्ने कुरा गरौं न।

गाली गर्नुस् हामी सहन तयार छौं। हाम्रो त बानी छ सहने। हामी प्रजातन्त्रवादी हौं। प्रजातन्त्रको लागि प्रजातन्त्र के हो? त्यो व्यवस्था के हुन्छ भन्ने कुराको बारेमा हामीलाई धेरै अर्ति उपदेश कसैले दिन आवश्यक छैन। हामी त्यो प्रशिक्षित कार्यकर्ता हौं। हामी गाली खानकै लागि जन्मिएका हौं। तर हाम्रा विपक्षमा उभिएका साथीहरूको विचारको सम्मान गर्न पनि सिकेका छौं। सम्मान गर्दछौं आदर गर्दछौं किनभने आज जसरी शान्ति प्रक्रिया यो सरकारले पूरा गरेको छ। यसरी सबै कुरामा विमति रहला। सहमति होला। तर कुरा के हो भने हामीले रोप्यौं के त? गर्‍यौं के त? म विनम्रका साथ साथीहरूलाई अनुरोध गर्न चाहन्छु। माननीयज्यूहरूलाई भन्न चाहन्छु। हिजो काँग्रेस र माओवादीले संयुक्त भोट मागेको होइन? जनतासँग बेइमानी कसले गर्‍यो? काँग्रेसै हो? सबै कुराको दोषी काँग्रेस नै हो? गजब लाग्छ मलाई। त्यस कारणले केही कुरा सम्झियौं नि त। हो। निश्चित कुराहरू छ संविधान सभामा बहुमत ल्याएको पार्टीले संविधान दिन नसकेको कुरालाई ख्याल गर्‍या छौं हामीले? कसले दियो संविधान?

(१४:०० बजे)<u>पीठासीनः</u> माननीय उपाध्यक्ष श्री बिमला घिमिरे।

(१४:०१ बजे)<u>माननीय श्री नारायण दत्त भट्ट (नेपाली काँग्रेस):-</u> काँग्रेसै चाहियो? काँग्रेस बिना घाँटीमा पानी नजाँदो रहेछ नि त। अनि हामी असल कुराको कुरै नगर्ने? त्यसकारण विनम्रका साथ अनुरोध गर्न चाहन्छु। एकचोटी आफ्नो बगलीमा झाँकेर हेर्नु न। के के छ के के छैन। के गयौं। के गरेनौं। त्यसकारणले यो वाद प्रतिवाद गर्ने ठाउँ होइन। संवाद गरौं, सहमति गरौं, देश र जनताको पक्षमा के गर्दा बलियो हुन्छ त्यो बाटोमा जाउँ न त। यहाँ आरोप प्रत्यारोप लान्छना लगाउने र यहाँ उर्लिएर कसैको बारेमा टिकाटिप्पणी गर्न त सकिएला। तर मलाई लाग्दैन यो ठाउँ त्यो हो। हामी छलफल गरौं। कहाँ कमी रह्यो कहाँ कमजोरी रह्यो। जसरी शान्ति प्रक्रिया पुर्‍याउने यो सरकारले अगाडि कदम चालेको छ। त्यसरी सब कुराहरू नगरौं न। हामी धङधडी नाच्छौं। सरकार गयो किन गयो? कसका कारणले गयो? म विनम्रका साथ अनुरोध गर्न चाहन्छु। त्यसको कारक काँग्रेस नै हो? के हामी पनि हौं? यो देश रहरमा चल्छ? आज देश जनता यो मुलुक राष्ट्र, राष्ट्रियताका हामी पक्षधरहरू जो जहाँसुकै भएपनि हाम्रो सबैको भागमा के हो भने देश सेवा र जनताको सेवा गर्ने उद्देश्य होइन र? हामी जहिले पनि आरोप प्रत्यारोपमा उत्रने, बोल्न मन लागेको मन नलागेको विषयमा पनि प्रयास गर्नु

पर्ने। बडा दुःख लाग्दछ। मैले पनि भनिराथें म यो विषयमा छिर्न नै चाहँदैनथें किन भन्ने लागिराख्याथ्यो।

त्यसकारणले आज देशमा विपत्ति छ। बाढी छ। पहिरो छ। र मेरो आदरणीय दुईवटै मन्त्रीज्यू यहाँनिर हुनुहुन्छ। ती जनताहरूको व्यवस्था, तिनीहरूको अवस्था, तिनीहरूको बस्ने बसाई, खानेकुरा तिर यो सरकारको ध्यान जाओस् भन्ने म विनम्रताका साथ आग्रह गर्न चाहन्छु किनभने आज धेरै ठुलो विपत्ति आएको छ। त्यो विपत्तिमा परेका मानिसहरू औषधि, एक छाक खाने र बस्ने व्यवस्था गर्न म यो सरकारसँग विन्रमका साथ आग्रह गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, त्यसकारण यो बाटोमा लागौं न त। आज जे जे कुराले बिगार्यौं। जे जे कुरा सपार्यौं। जे जे कुरा गर्यौं। त्यो कुराबाट पाठ सिक्दै अब राष्ट्र, राष्ट्रियता, जनता र देशलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने कुरातिर सबै हातेमालो गरेर अगाडि बढ्यौं भने के हुन्छ? त्यसकारणले म विनम्रताका साथ सबै साथीहरू सँग हाम्रो प्रतिबद्धता हुने कुरा के हो भने देश र जनता। आज समस्या छ। संविधान संशोधनको कुरा गर्दै गर्दा कसैलाई ज्वरो आउनुपर्ने के कुरा छ र? संविधान संशोधन हुने नै विषय हो। हुन्छ। त्यहाँ कसले कसको अधिकार खोस्ने कुरा गरेको छ?

म विनम्रताका साथ सम्माननीय अध्यक्षज्यूमार्फत यो सदनलाई बिन्ती गर्न चाहन्छु। नेपालमा त्यस्तो एउटा पार्टी मात्रै हो जो नेपाली काँग्रेस हो। जाति, वर्ग, लिङ्ग, पिछडा क्षेत्रको प्रतिनिधित्व हुने गरी र विधान बनाउने पार्टी नेपाली काँग्रेस हो। सायद साथीहरू भाइहरू चाहिँ अध्ययन कम गर्नुहुन्छ होला भन्ने मलाई लाइराखेको छ। ल कुन पार्टीको विधानमा छ? ल्याउनुहोस् न राखौं न। छलफल गरौं न त।

त्यसकारणले कुरा के भने हामी आज जुन जिम्मेवारीमा छौं। जहाँ उभिएर जे कुरा बोल्दै गरिराखेका छौं। हामी जिम्मेवार कुरा गरिराखेका छौं कि छैनौं? बहसका लागि बहस गरिराख्या छौं भन्ने कुरा पनि उपयुक्त हुँदैन। त्यसकारणले आज बाढी पहिरो, डुबान, मान्छेको सबै कुरा घरबास क्षतिग्रस्त भएका छन्। गास, बाँस, कपासको समस्या छ। हामी त्यो कुराको कुरै नगरेर कुन पार्टीले के गर्‍यो? को पार्टी के गर्दै छ? पार्टी तिर लाग्यौं भने सबैभन्दा दुःख पाएको पार्टी काँग्रेस नै हो। पञ्चायतले लखेट्यो। माओवादीले लखेट्यो। तर के कुरा भने विचारले नलखेटेको पार्टी भनेको काँग्रेस नै हो। त्यसकारण साथीहरूले ख्याल गर्नुहोस्। तपाईंले जिरोमा पुर्‍याउन खोज्नुभाथ्यो। हिरो भएर आउने पार्टी काँग्रेस नै हो के। त्यसो भाको हुनाले जनताको सेवातिर लाग्ने कुरामा लागौं। विवादको विषय नबनाऔं। कसरी यो संविधान संशोधन गरेर महिला, दलित, आदिवासी, जनजाति, पिछडा वर्ग सबैको अधिकार सुनिश्चित गर्न सकिन्छ भन्ने

कुरा छलफल तिर लगेर जाम् भन्ने कुरा यहाँ सम्पूर्णमा विनम्रताका साथ अनुरोध गर्न चाहन्छु। किनभने हामी एउटा किसिमको धङधडी छ के। गजब लाग्छ मलाई। मैले भनेको कुरा ठिक अर्काले भनेको कुरा बेठिक पनि कहिल्यै हुन्छ? त्यसकारणले सुनाउँदाखेरि सुन्न पनि तयार भएर बस्नुस्। त्यसकारणले पहिला इतिहास पढौं। यसको अध्ययन गरौं। त्यसपछि औंला उठाउँ भन्ने कुरा विनम्रताका साथ अनुरोध गर्दै मेरो भनाइ अन्त्य गर्दछु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य गोमा देवी तिमल्सिना। समय ६ मिनेट। यसपछाडि माननीय सदस्य मोहम्मद खालिद।

(१४:०२ बजे)**माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले म आफ्ना कुराहरू प्रस्तुत गर्न गइराखेको छु। सबैले यहाँ दोहोरी नै गर्नुभयो। अनि संविधानको बारेमा पनि धेरै कुरा गर्नुभो। अब यो संविधान ल्याउनलाई हामीले धेरै वर्ष कुरेर, धेरै दुःख गरेर ल्याएको संविधान हो। यो संविधानमा मलाई लागेको कुरा मात्रै अलिकति भन्न खोजेको। म अरु नै विषय बोल्दैछु। यो संविधान अहिले हामीले संशोधन गर्ने भन्दै गर्दाखेरि लहरो तानेर पहरो घर्केर यहीं संविधान पनि भोलि जाने हो कि? भन्ने खतरा पनि छ। त्यस बारेमा पनि हामी सबैले बुझ्नुपर्छ जस्तो लाग्छ। यहाँहरूले पनि त्यसैगरी नै बुझ्नुहुनेछ। अब संविधान फेर्नै नहुने कुरा होइन। तर अहिले हाम्रो देशको परिस्थिति सबै तिरबाट आक्रमण भइराखेको स्थिति भएको हुनाले मैले यो कुरा राखें। धन्यवाद।

मेरो अलि फरक नै हुन्छ अरुको भन्दा। मैले फेरि पनि आज यो सार्वजनिक संस्थानहरूको बारेमा फेरि पनि बोल्न थालें। म सधैं यही बोल्छु। तपाईंहरूले झर्को नमान्दिनु होला कसैले पनि। हाम्रो सार्वजनिक संस्थान लगभग लगभग ४० वटा जति हाम्रो देशमा छन्। ४० वटा जति यी संस्थानहरू राम्रोसँग सरकारले व्यवस्थापन गरेर चलाएको भए वास्तवमा हाम्रा हजारौं युवाहरू त्यो एयरपोर्टमा ताँती लगाएर गए भनेर हामीले नै भाषण गर्ने गर्छौं। हामी नेताहरू नै। त्यो ताँती लाएर बाहिर जाने स्थिति बन्दैनथ्यो होला। हामीले यसलाई व्यवस्थापन गर्न सकेनौं। उद्योगहरू बन्द गरेका छौं। उद्योगलाई कसरी चलाउने? भन्ने ध्यान दिएका छैनौं। त्यसो भएर रोजगारी नपाएपछि रोजगारीको आवश्यकता महसुस गर्दै रोजगारी खोज्दै युवाहरू बाहिरिएको क्षण चाहिँ छ भन्ने मलाई लाग्छ। अब यो धेरै जसो उद्योगहरू बन्द २०४६ पछि भएका छन्। २०४६ पछि किन यी उद्योगहरू बन्द भए भन्दाखेरि २०४६ पछि जुन सरकारको

जुन पार्टीको सरकार बन्यो अनि उसैको अध्यक्ष बनाउनुपर्ने अनि कार्यकर्ता भर्ती गर्नुपर्ने। ती सबै कारणले गर्दाखेरि उद्योग राम्रोसँग सञ्चालन हुन सकेन। यी तिता यथार्थहरू यहाँ छँदै छन् हामीसँग। यी कतिपय उद्योगहरू यस्ता उद्योगहरू छन्। बाहिरबाट कुनै कच्चा पदार्थ ल्याउनु पर्दैन। हामी नेपालमै कच्चा पदार्थले चल्ने उद्योगहरू छन्।

यहाँ म अलिकति उद्योग कै नाम भन्न जान्छु। जहाँ सबैभन्दा पुरानो उद्योग विराटनगर जुट मिल। हाम्रो इतिहासमै रहेको जुट मिल जुन जुट मिल चल्दाखेरि त्यहाँ पार्ट खेती गरिन्थ्यो होला। त्यो पाट सनपाटले त्यहाँका कृषकहरूले पनि रोजगार पाउँथे त्यसो हुँदा हामीलाई बेरोजगारीको समस्या कम हुन्थ्यो। अनि अब यहाँ धेरै धेरै उद्योगहरू बन्द छन्। जस्तै कपडालाई चाहिने कपास। डाडाँपाखा सबै कपास खेती गर्दिंदा भइजान्थ्यो नि। यो सरकारको नीति खै? त्यस्तै चिनी कारखाना। चिनी कारखानाको आफ्नै पर्याप्त जग्गा छ। त्यो जग्गामा उखु खेती गरेर त्यो उद्योग सञ्चालन गरेको भए प्राइभेट उद्योगहरू चल्ने सरकारी उद्योग नचल्ने हुँदैन्थ्यो। यो सरकारको नीति नै नभएको कारणले त्यो चल्न सकेन।

छाला जुत्ताको कुरा गरौं। छाला जुत्ताको बारेमा म यहाँ धेरै पल्ट बोले। आज छाला जुत्ताको बारेमा केही मान्छेहरू जेल पनि जानुभो। छुटेर पनि आउनुभो। अब मुद्दा पनि होला। त्यो काँचो छाला नेपालमै पाइन्थ्यो। देशभरि नै बाँखा, भेंडा अनि भैंसी, पाडा, राङ्गा काटेको त्यो छाला सङ्कलन गरेर त्यो सङ्कलन गरेर प्रशोधन गरेको छालाले जुत्ता बन्थ्यो। प्रशोधन केन्द्र हेटौंडा औद्योगिक क्षेत्रमा थियो। इट्टा कारखाना माटोबाट बन्थ्यो। माटोबाट बनेको इट्टा बेचेर हामीले मनग्यै पैंसा कमाउँथ्यौं। टायर गोरखाली टायर उद्योग बन्द भयो। त्यसमा एउटा रबर खेती गरेर त्यसलाई राम्रोसँग चलाउन सकिन्थ्यो। त्यो हुँदाखेरि हामीले किसानले पनि र त्यहाँका मजदूरले पनि अनि उद्योगीले पनि राम्रो टायर चलाउन पाउँथे। जस्तै कागज कारखाना भृकुटी कारखाना आज बन्द छ। त्यो कागज कारखाना खर, बाबियो, गहुँको छवालीबाट चल्ने र त्यहाँ कहीं पनि जान पर्दैन्थ्यो। देशमै तेत्रो कच्चा पदार्थ थियो। त्यो कसैले केही नै गर्न पर्दैनथ्यो। अब धागो उद्योग बन्द छ। धागो उद्योगलाई थोरै Nylon को धागो र कपास खेती गर्दाखेरि के रे बुटवल धागो कारखाना राम्रोसँग चलेको थियो। त्यहाँ धेरैभन्दा धेरै महिलाहरूले काम पाउनुभएको थियो। अनि कृषि औजार कारखानाको कुरा गरौं। हामी अहिले त त्यो कृषिप्रधान देश भन्न मिल्छ कि मिल्दैन थाहा छैन। तर हामी कृषिप्रधान देश भन्थ्यौं। कृषि औजार कारखाना फलामको आवश्यकता हो। विभिन्न खाले राम्रा समयानुकुल कृषि औजार कारखाना बनाउने हो औजार बनाउने हो भने ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य मोहम्मद खालिद। समय ५ मिनेट। यसपछि माननीय विष्णु कुमारी सापकोटा।

(१४:०९ बजे)**माननीय श्री मोहम्मद खालिद (जनता समाजवादि पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, भदौ यही भदौ ४ गतेदेखि जनकपुर मधेस प्रदेशको सदरमुकाम जनकपुरमा मुख्य मन्त्रीको कार्यालयको अगाडि आमरण अन्सनको कार्यक्रम हुन गइरहेको छ। प्रसङ्ग कमला नदीको पुल हो। यस बारेमा मैले पटकपटक यहाँ कुरा उठाएँ। २०६८ सालमा यस पुलको शिलान्यास भएको थियो। २०७२ सम्म काम नगर्दा विभागले लुम्बिनी कन्सट्रक्सनलाई नयाँ ठेक्का दियो। काम गर्न अनुमति दियो। २०७७ सालमा ९५% काम भयो। र त्यो उद्घाटनको तरखरमा रहँदा सम्माननीय प्रधानमन्त्री के.पी. ओलीज्यूको हातबाट उद्घाटन हुने कार्यक्रम रहेको बेला तीन दिन अगावै नै त्यो पुल भत्कियो। त्यति बेलादेखि आजसम्म २०८१ सम्म पुल मर्मतको नौटङ्की भइरखेको छ। पुल मर्मत हुँदैन। यसको नौटङ्की भइरहेको छ। यसबाट मधेसको विशेष गरी सप्तरी, सिराहा र धनुषाका बिस लाख जनता प्रभावित भइराखेका छन्। तीन करोड दैनिक किनभने बाटो सिधा छैन। चरुवा ढल्के घुमेर जानुपर्छ। कि भारत तिरबाट जानुपर्छ। तीन करोड दैनिक त्यहाँका जनताले अधिक भाडा दर तिरिरहेका छन्। त्यसले गर्दा त्यहाँका स्थानीय प्राविधिकहरूले पनि परीक्षण गर्दा त्यहाँका पाइलडेक्स त्यो काम लाग्ने छैनन्। प्राविधिकहरूले नै निर्णय गरे यो पुल काम लाग्दैन मर्मतखाले छैन। त्यसले गर्दा अब आन्दोलन गरौं नयाँ पुलको लागि। उनीहरूले आन्दोलन गरें। मुख्यमन्त्रीलाई ज्ञापन पत्र बुझाए। र चार गते भदौको अल्टिमेटम थिएको छ। चार गतेदेखि आमरण अनसन हुनेछ त्यहाँ। अब राज्यले दुईतिहाईको सरकारले विचार गरोस् कि समस्याको समाधान हुन्छ कि हामी फेरि कुनै नेपालीलाई जनकपुरमा मृत अवस्थामा हेर्न चाहन्छौं। यो विषयलाई गम्भीरतापूर्वक लिनुपर्छ नत्र सानो कुरा कहिलेकाहीँ ठुलो भइहाल्छ भन्ने म ध्यानाकर्षण गराउन चाहन्छु।

टीआरसीको बारेमा म यति मात्र मैले भने स्वागतयोग्य छ। राम्रो कुरो हो। यसलाई हुनुपर्ने। सहमतिले एकचोटी फेरि के दर्शाएको छ भने हामी विभिन्न विचार, विभिन्न पार्टी, फरक मत राखे पनि हामी देशका समस्याका समाधानका लागि एकजुट हुन सक्छौं। तर यसमा मेरो एउटा आग्रह के छ भने त्यसमा मधेस आन्दोलन र अन्य जातजातिका थारु, जनजातिका आन्दोलन अन्य आन्दोलनलाई पनि यसमा जोड्नु पर्छ। हुन त हामीले यस सरकारका समर्थन र यस सरकारलाई समर्थन गऱ्याछौं। सायद आउने दिनमा पनि समर्थन गर्छौं तर सरकारको आकार त्यसको समर्थनको आकार ठुलो छ कि कम छ। सानो छ कि ठुलो छ। त्यसमा निर्भर

हुँदैन। के मा निर्भर हुन्छ। यहाँ गालिवलाई पढ्ने जान्ने, बुझ्ने एकजना महान् व्यक्तित्व पनि हुनुहुन्छ। उहाँलाई म एउटा इकबाल ..... एउटा पङ्क्ति समर्पण गरिरहेछु।

बदल्ना हे तो रिन्दों से कहो अपना चलन बद्‌ले,

बदल्ना हे तो रिन्दों से कहो अपना चलन बद्‌ले,

फगत शाकी बदल्ने से मेहेखाना नही बद्‌लेगा।

धन्यवाद।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य विष्णु कुमारी सापकोटा। समय १२ मिनेट। यसपछाडि माननीय राजेन्द्र लक्ष्मी गैरे।

(१४:१४ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काँग्रेस)</u>ः- सम्माननीय अध्यक्षज्यू, संविधान गतिशील हुन्छ। समय र माग अनुसार त्यसलाई संवोधन पनि गर्नुपर्छ। मैले यति नै भने। अब मैले हाम्रो राष्ट्रको अवस्था र संविधानले दिएको अधिकार बारेमा केही कुरा भन्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, राष्ट्रको पुँजी भनेकै युवा शक्ति हो। जसले आफ्नो ऊर्जावान श्रम शक्तिको पसिना विदेशी भूमिमा बेच्न बाध्य भएका छन्। अब पनि यो शक्तिलाई स्वदेशमा रोक्न सकेनौं भने भोलिको नेपाल वृद्ध र अशक्तको भार नबन्ला भन्न सकिंदैन। तसर्थ हामी तत् तत् सम्बन्धित संवैधानिक जिम्मेवार अधिकार प्राप्त व्यक्तिहरू तीनै तहका राज्य र राज्यका निकायहरूले आआफ्नो काम कर्तव्य भूमिकालाई सुशासन, पारदर्शिता, इमान्दारिता, जवाफदेहितालाई आत्मसात् गर्दै नेपालको संविधान, २०७२ लाई टेकेर विकासलाई स्वदेशी उत्पादनसँग जोडेर सबैभन्दा बढी स्थानीय सरकारलाई परिचालन र चलायमान गराउन सकेमा र सबै क्षेत्रलाई उत्पादनसँग जोड्दै लैजान सकेमा सोही स्थानका नागरिकहरूलाई सोही स्थानमै रोक्न सक्ने वातावरण निर्माण गर्न सकेमा देश बन्न धेरै लामो समय लाग्दैन। तसर्थ सम्माननीय अध्यक्षज्यू, नेपालको संविधान, २०७२ को धारा ५० मा राज्यका निर्देशक सिद्धान्त राखिएको छ। सोही धाराको ३ मा सार्वजनिक नीति, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्धी साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवाद उन्मुख, स्वतन्त्र र समृद्ध अर्थतन्त्र विकास गर्ने राज्यको आर्थिक उद्देश्य

रहनेछ भनिएको छ। त्यसै गरी संविधानको धारा ५ (५१) मा राज्यका नीतिहरूले नीतिहरूको (घ) मा अर्थ, उद्योग, वाणिज्य नीति केही बुँदाहरू छन्। सोही धाराको १ मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने, २ मा अर्थतन्त्रको निजी क्षेत्रको भूमिकालाई महत्त्व दिँदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्ध हासिल गर्ने। ४ मा आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्ने निकायको नियमको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने। ६ मा तुलनात्मक लाभको क्षेत्रमा पहिचान गरी उद्योगको विकास, निर्यात, प्रवर्धन गर्दै वस्तु तथा सेवाको विविधीकरण र विस्तार गर्ने ७ मा कालाबजारी एकाधिकार कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धा बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण गर्ने। आठमा राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधनस्रोतको संरक्षण र प्रवर्धन गरी नेपाली श्रम, सिप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने। ९ मा राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वतन्त्र लगानीलाई प्राथमिकता दिने। १० मा राष्ट्रिय हित अनुकूल आयात प्रतिस्थापन निर्यात प्रवर्धनका क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधि लगानीलाई आकर्षण गर्दै पूर्वाधार विकासमा प्रोत्साहन एवम् परिचालन गर्ने। १२ मा गैर आवासीय नेपालीहरूको ज्ञान, सिप, प्रविधि र पुँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने भनिएको छ।

सम्माननीय अध्यक्षज्यू, संविधानमा भएको यो व्यवस्था कार्यान्वयका लागि निजी क्षेत्रलाई सक्रिय बनाई स्वदेशी लगानीकर्तालाई स्वदेशमै लगानी गर्न सुरक्षा र संरक्षणको ग्यारेण्टी गर्ने सहितको सरकारको चलायमान अभियानले मात्र नेपाली उत्पादन विश्व बजारमा पुर्‍याउन सकिन्छ जसका कारण परनिर्भर आयातीत सामानहरूमा कटौती गर्दै नेपाली मुद्रा नेपालमै खपत गर्न सकेमा मात्र महँङ्गी पनि न्यूनीकरण हुँदै जान्छ। यसरी स्वदेशमै रोजगारी सिर्जना गर्न निजी रूपमा लगानी गर्न चाहने वैदेशिक रोजगारमा लामो समयसम्म काम गरेर फर्केका ज्ञान, सिप, जाँगर भएका ऊर्जावान लगनशील लगानीकर्तालाई सरकारले खोजी खोजी विशेष अनुदान, सहयोग र सहकार्य गर्न सकेमा नेपाली उत्पादन कृषि बजारीकरण, उद्योगसँग समग्र अर्थतन्त्र चलायमान हुनेमा दुईमत छैन। जहाँ सरकारको इच्छा शक्ति र राष्ट्रिय भावना अन्तरहृदयदेखि नै आउन जरुरी छ।

सम्माननीय अध्यक्षज्यू, स्मरण रहोस् पछिल्लै जनगणना २०७८ अनुसार नेपालमा दैनिक पन्ध्र सय युवा रोजगारीका लागि विदेश पलायन भइरहेका छन्। वार्षिक पाँच लाख श्रम शक्ति

श्रम बजारमा आउँछ। नेपालमा श्रम क्षेत्रमा सक्रिय हुन सक्ने जनशक्ति दिन प्रतिदिन आर्थिक रूपमा निष्क्रिय भएर बस्नु परेको छ। सक्रिय जनशक्ति काम गर्ने इच्छा, क्षमता, योग्यता भएर पनि कुनै आयमूलक पेशा व्यवसायमा सङ्लग्न हुन नपाउनु। रोजगारी विहीन हुनु। मुलुकको विकास तथा प्रगतिमा बाधक मात्र होइन कि यो त राष्ट्रिय अर्थतन्त्रका लागि नै ठुलो टाउको दुखाईको विषय हो। वास्तवमा गरिबीको कारण र परिणाम बेरोजगारी नै हुन्। त्यसकारण अब हामी भाषण र साषणमा भन्दा पनि हाम्रो राष्ट्रलाई कसरी समुन्नत र राज्यनिर्माण, रोजगार, आयआर्जन, बचत र लगानी गर्न सकिन्छ भन्नेतिर ध्यान केन्द्रित गर्दै गरिबीको दुश्चक्र बाहिर निकाल्ने प्रयासमा लाग्नका लागि सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, उच्च बेरोजगारी दर तथा सक्रिय जनशक्ति पलायनले मुलुकका विकासका लक्ष्यहरू प्राप्तिमा चुनौती समेत खडा गरिरहेका छन्। न्यून रोजगारी वृद्धि दर, स्वदेशी बजारले श्रम शक्ति खपत गर्न नसक्दा दिनहुँ दुई हजारका दरले महिनामा करिब साठी हजार युवाहरू वैदेशिक रोजगारका लागि देश छाड्न बाध्य छन्। दक्षिण कोरिया, मलेसिया, इजरायल जस्ता देशमा कृषि क्षेत्रमा काम गर्न नेपाली युवाहरू गइरहँदा स्वदेशमा भने कृषि श्रमिकहरूको अभाव छ। उनीहरूलाई रोजगार हौसला व्यसायिक रूपमा आत्मनिर्भर बन्न बनाउन फिजिकल, डिजिटल नेपाली उत्पादनलाई प्रोत्साहन गरी उत्पादन रोजगारीलाई सरकारी तथा निजी क्षेत्रसँग जोड्ने अभियानमा युवा, वयस्क, वृद्ध, अपाङ्गता, फरक क्षमता भएका हरेक व्यक्तिहरूलाई व्यावसायिक र सामाजिक रूपमा आत्मनिर्भर बनाउने अभियान चलाउन सकेन भने अबको पाँच वर्षमा युवा भेटिँदैनन्। आत्महत्या र डिप्रेसनका खबर मात्र बाँकी रहन्छन्। गाउँ सहर रित्तिँदै जान्छ। अनि यो राजनीति कसका लागि? त्यसकारण सरकारले यथाशीघ्र वैदेशिक रोजगारबाट फर्किएका नेपालमा बसी केही न केही काम लगानी गर्न चाहने फरक सोच बनाएका सातवटै प्रदेशमा बसोबास गर्ने युवाहरूको खोज तथ्याङ्क सङ्कलन गरी सरकारले नै उनीहरूलाई बोलाएर ज्ञान, श्रम, सिपको कदर गर्दै कुनै पनि काम उद्योगधन्दामा निस्फिक्री सहयोग र लगानी गर्न सक्ने वातावरणको सिर्जना यथाशीघ्र गर्नका लागि ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, देश सङ्घीयतामा गएपछि राज्यको स्थायी संरचनाको रूपमा रहेको कर्मचारी संयन्त्र अन्योलग्रस्त अवस्थामा गुज्रिएको देखिन्छ। हामीले बनाएको नीति, नियम, कार्यक्रमको कार्यान्वयन गर्ने संयन्त्रको आफ्नै भविष्य अन्योलग्रस्त देखेर कसरी प्रभावकारी सेवा दिन सक्छ। खास गरी साविक गा.वि.स. नगरपालिका, जि.वि.स. मा स्थायी नियुक्तिलाई कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भई हालका स्थानीय तहमा कार्यरत

कर्मचारी वृत्ति विकास, सरुवा, बढुवा, निवृत्त जीवनको सुरक्षा जस्ता विषयमा देखिएको अन्योलको कारण जागिर छोडी विदेश पलायन भएको देखिन्छ। राज्यको स्थायी संरचनाले दरखास्त आह्वान गरी स्थानीय स्वायत्त शासन ऐन अनुसार लोक सेवा प्रतिनिधिको उपस्थितिमा भएका परीक्षा उत्तीर्ण गरी नियुक्ति पछि आजीवन सोही कार्यालयमा बस्नुपर्ने प्रावधानले पूर्वको व्यक्ति पश्चिमको कुनै स्थानीय तहमा छ भने उ आजीवन परिवारसँग बस्न नपाउने अवस्था छ। अविवाहित अवस्थामा स्थानीय निकायमा सेवा सुरु गरेका महिला कर्मचारी जागिर छोड्ने वा घर परिवारसँग बस्न नपाउने अवस्था छ। के यो जायज हो? सम्माननीयज्यूमार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, कर्मचारी समायोजन, २०७५ अनुसार समायोजन भएका साविक स्थानीय निकायका कर्मचारीहरूलाई प्रशासनिक प्रमुख बाहेक अन्य सबै भूमिकामा निजामती सरह जिम्मेवारी दिएको छ। तर सुविधा समान दिएको छैन। जिम्मेवारी दिएपछि सुविधा पनि दिनुपर्दछ भन्ने मेरो मान्यता छ। आखिर कर्मचारी पनि नेपाली नागरिक हुन्। लोकतन्त्रको आभाष कर्मचारीले पनि गर्न पाउनु पर्दछ। भ्रष्टाचार रोक्नु पर्दछ। सुशासन कायम गर्नुपर्दछ। आज देशमा सुशासन नहुँदाखेरि भ्रष्टाचार भएको छ। अनियमितता भएको छ। यस कारण कर्मचारीहरूलाई पनि उहाँहरूलाई कुनै पनि विभेद नगरीकन हामीहरूलाई आवाज आउने गरेका छन्। हामीहरूलाई तल्लो लेभलको हामी कर्मचारीहरूलाई हरेक कुरामा विभेद गरिन्छ। हामी पनि लोक सेवा लडेर पास गरेर आएका हौं। हामीलाई किन यसरी विभेद गरिन्छ भन्ने कुराहरू उठाइराखेका छन्। गाउँ गाउँबाट, जिल्ला जिल्लाबाट र यहीँ केन्द्रमा पनि यस्ता कुराहरू आइरहेका हुँदाखेरि कर्मचारीहरूको उनीहरूको जायज मागलाई पूरा गर्दै तल्लो लेभलदेखि उपल्लो लेभलसम्मका कर्मचारीहरूलाई राम्रो उनीहरूलाई विभेद नगरीकन न्यायिक रूपमा उहाँहरूलाई हामीले राम्रो स्थान दिन सक्यौं भने सुशासन हुन सक्छ। जबसम्म राष्ट्रमा सुशासन हुँदैन तबसम्म भ्रष्टाचार मौलाउँछ। भ्रष्टाचारले आज देशलाई चाँहि पछाडि पारेको छ। आज हाम्रो देश माथि उठ्न सकेको छैन। आज दिनदिनै विदेशबाट बाक्सामा सेता बाक्सामा हाम्रा युवायुवतीहरूका लासहरू आउँछन्। अस्ति भर्खरै गुल्मीको एउटा सिमिचौर भन्ने वडामा सिमिचौर रेसुङ्गा नगरपालिकाको बाह्र नम्बर वडामा एउटा भाई सुनिल वि.क. विवाह गरेको तीन महिनामा उनी चाहिँ मृत अवस्थामा बाकसमा भरिएर आएका थिए। त्यसका लागि अत्यन्तै संवेदनशील कुरा छ। हामी अब अरु कुरा गर्नु भन्दा पनि हाम्रो देश र हाम्रा नागरिकहरूलाई कसरी समृद्ध बनाउन सकिन्छ? भन्ने तर्फ तिर लागौं भन्ने कुरा राख्दै मैले मेरो कुरालाई यहीँ अन्त्य गर्दछु। हवस् त धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे। समय ६ मिनेट। त्यसपछाडि माननीय श्रीकृष्ण प्रसाद अधिकारी।

(१४:२७ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्षज्यू, अहिले हामी हाम्रो देश नेपाली जनता विपद्को चपेटामा परिरहेका छन्। धेरै ठाउँमा बाढी पहिरो गएको छ। दिनहुँ धनमालको क्षति भएको, मान्छेको रुवाबासी भएको घटनाहरू हामीले सुनिरहेका छौं। सरकारले तत् तत् ठाउँमा राहत पुऱ्याउने भनेको पनि हामीले सुनेका छौं। तर स्थानीय प्रशासन र स्थानीय जनप्रतिनिधिहरूले छिटो छरितो गर्दा खेरिमा समयमै राहत पाउन सक्ने कुरा हामीले जनताको मुखबाट सुनिरहेका छौं। त्यसो भएर यो झन्झटिलो प्रक्रियाबाट आउन राहत पाउन जनतालाई गाह्रो भएको छ। यस्तो आपतको बेलामा झन्झटिला प्रक्रियाहरूलाई सरल बनाउको निम्ति सरकारले सम्बन्धित निकायहरूलाई निर्देशन गरोस् भन्ने चाहिँ माग गर्न चाहन्छु। र जनतालाई राहत पुऱ्याउनको निम्ति छिटो छरितो गर्नको निम्ति म हार्दिक अनुरोध गर्न चाहन्छु।

हामी छलफल र बहसमै छौं। हामीले संविधानको पुनरावलोकनको कुरा संविधानमै १० वर्षमा गर्ने कुरा त राखेकै थियौं र झडप्प ठुला पार्टी मिल्दा यो देशमा झ्याप्पै परिवर्तन हुन्छ कि? मान्छेले यो महँगी खेप्नु पर्दैन कि? यो अशान्ति बेहोर्न पर्दैन कि? भन्ने पनि हामीले कताकति सुनेका थियौं। त्यसो होइन रहेछ नि त। आज हामीसँग योजना नभएसी हामीसँग जनतालाई हेर्ने आँखा नभएपछि, हामीले जनताको भावनालाई सम्बोधन गर्न सक्दा रहेनछौं। अफठ्यारोमा परेकोले राहत पाएको छैन। सडकमा तिमीले गरेका कुरा गलत छ भनेर दिनदिनै आन्दोलन भएको छ। यसो भएको हुनाले मानसिकरुपमै जनताको अवस्थालाई बुझ्ने, जनताको भावनालाई संवोधन गर्ने। सोच विचारहरू नआएपछि यो देशमा कोही मिलेर शान्ति हुन सक्दो रहेनछ। हामीले यही कुरा भोगिरहेका छौं। र संविधानको धारा १८ मा हामीले कसैलाई पनि विभेद नगर्ने कुरा लेखेका छौं। विभेदको कुरा गर्दा सामाजिक विभेदहरू अस्थायी होलान् कानुनी विभेदहरू स्थायी छन्। हामीले विभेद गर्दैनौं ३३% महिलाहरूलाई सहभागी गराउँछौं। अरुलाई पनि समावेशी क्षेत्रमा झन् उनीहरूको चाहिँ जनसङ्ख्याको आधारमा समावेशी गर्छौं हामीले भन्यौं। तर आज निर्णय तहमा महिलाहरूको अवस्था हेर्दा दर्दनाक छ। समावेशी गराउ भनेर अरुले आन्दोलन गर्नुपर्ने हामीले चिच्याउनु पर्ने। त्यति मात्रै होइन। दलितहरूलाई समावेशी गराउ भनेर आन्दोलन गर्नुपर्ने, महिलालाई समावेशी गराउ भनेर सरकारमा समावेशी गराउ भनेर

आन्दोलन गर्ने बल्लबल्ल राज्य मन्त्री पाउने। हामीले खोजेको समावेशी यस्तो हो? हिजो हामीले सङ्घर्ष गरेको बलिदान गरेको हामीले लाठी मुङ्ग्रा खाएको, टियर ग्यास खाएको हामी माग्ने हुनलाई हो? हामीले त बराबर अधिकार स्थापित गर्नलाई हो नि। किन हामीलाई माग्ने जस्तो बनाइन्छ? महिलाहरूलाई हरेक ठाउँमा अपहेलना। महिलाहरू सधै माग्नुपर्ने। पछाडि परेको क्षेत्र र वर्गले सधैं माग्नु पर्ने। हामीले ल्याएको समानता के यस्तो खालको हो? उपल्लो वर्ग पटकपटक सत्तामा जाने हालिमुहाली गर्ने तलको मान्छे आउन नसक्ने। हामीले खोजेको समानता यस्तो खालको हो? यो संविधानले गरेको परिकल्पना यस्तो खालको हो? होइन। हामीले गरेको परिकल्पना यस्तो खालको होइन। जहिलेसम्म हामीले सबैलाई समान रूपमा हेर्न सक्दैनौं तहिलेसम्म यो देशमा स्थायी शान्ति हुन सक्दैन र श्रम क्षेत्रमा हेर्ने हो भने निर्णय तहमा महिला छैन। आज श्रम क्षेत्रमा काम गर्ने एउटा श्रमिक महिलाहरूलाई हेर्यो भने बाह्र हजार/दश हजार तलब खाएर एउटा सानो अस्थायी कटेरामा बसेर बच्चालाई पिठ्यूँमा बोकेर श्रम गरिराछ। उसको तलब बाह्र हजार छ। चल्छ कसरी? जिन्दगी बिताउँछ कसरी? हामीले खोजेको मुक्ति यस्तो खालको हो र? होइन नि। र त्यस्तै गरी यौन दुर्व्यवहारको कुरा छ। यौन शोषणको कुरा छ। मोबाइलबाट साइबर क्राइमको अपराधहरू छ। कति कुरा सहने हो? साँझ टिन्न टिन्न घण्टी बजेपछि त्यो राती महिला सुत्न सक्तैन। रात भरि रोएर बिताउनु पर्ने स्थिति अहिले पनि छ। त्यस भएको हुनाले हामीले खोजेको समावेशी, हामीले खोजेको समानता अझै आएको छैन। अझै आएको छैन। यहाँ चाहिँ दलहरूलाई लागेको छ। सानो तिनो दलहरूलाई ठुला दलहरू मिल्दा खेरिमा हामी सकाउन सक्छम् भन्ने लागेको छ होला। हिजो तपाईंहरू सरकारमै हुँदा सानो बाह्र बुँदा माग गर्दाखेरिमा सम्बोधन नभएको कारणले विद्रोह जन्मेको र प्रतिस्पर्धा गरेको इतिहास त हामीले अन्त जानु पर्दैन नि। हामी सँगसँगै छ। त्यसो भएको हुनाले जबसम्म हामीले यो संवोधन गर्न सक्तैनौ, न्याय गर्न सक्तैनौ, त्यो विद्रोह जन्मिरहन्छ। त्यो विद्रोह सल्किरहन्छ। र चाहे साना हुन् चाहे ठुला हुन त्यो समयको विचार सही भयो भने मात्रै सही गन्तव्यमा पुग्न सक्छ र विचारहरू सही भएन भने गतल ठाउँमा पुऱ्याउँछ। अधिनायकवादले गलत ठाउँमा पुऱ्याउँछ भन्ने यो निष्कर्ष हो। र अर्को कुरा शान्ति प्रक्रियाको कुरा आएको छ। शान्ति प्रक्रियाको कुरा गर्दा आएको कुरा असाध्यै राम्रो छ। हिजो हामीले सकेका नसकेका बाँकी कामलाई सत्य निरुपण आयोग, मेलमिलाप आयोगले टुङ्ग्याउँछ भनेर छोड्यौं। विदेशलाई थाम्न सकिँदैन भनेर ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी। समय १० मिनेट। त्यसपछाडि माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१४:३३ बजे)**माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय सभामुख महोदय, लामो समयको व्यग्रपछि हिजो प्रतिनिधि सभाबाट टीआरसी विधेयक पारित भएको छ। अब यो प्रक्रियागत ढङ्गले राष्ट्रिय सभा हुँदै यो ऐनमा परिणत भइसकेपछि सम्पूर्ण नेपाली जनताले र सबै पीडितले सत्य निरुपण हुन्छ। शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्छ। र यसले एउटा गति लिन्छ भन्ने आम आशा र खुसीको व्यक्त गरेको कुरा म सदनसमक्ष व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, शान्ति प्रक्रिया तार्किक निष्कर्षमा पुग्दै गर्दा आज हामीसँग जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायत देशैभरिका अपाङ्गता भएकाहरूको पीडा र व्यथा आफ्नै ठाउँमा छन्। म आज यिनै विषयमा केन्द्रित भएर म यो सदनसमक्ष केही समस्याहरू राख्न चाहन्छु।

विवरणात्मक पछिल्लो जनगणना, २०७८ अनुसार नेपालमा तीन लाख एकाउन्न हजार तीन सय एक जना ५४.२५% पुरुष र दुई लाख छयान्नब्बे हजार चार सय त्रिचालिस जना ४५.८५% महिला गरी कुल छ लाख सत्चालिस हजार सात सय चौवालिस जना अपाङ्गता भएका व्यक्तिहरू रहेको तथ्याङ्क छ। बाह्र प्रकारका अपाङ्गता मध्ये शारीरिक अपाङ्गता दुई लाख चालिस हजार छ सय नौ जना, न्यूनदृष्टियुक्त अपाङ्गता एक लाख दश हजार पाँच सय पच्चिस जना, दृ हीन अपाङ्गता पैंतिस हजार एक सय बयालिस जना, बहिरापन एकाउन्न हजार तीन सय त्रिहत्तर जना, सुस्त श्रवण भएका एकाउन्न हजार पाँच सय बिस जना र श्रवण दृष्टिहीन भएका दश हजार एक सय सतासी जना, स्वर अपाङ्गता भएका एकचालिस हजार छ सय छयत्तर जना, मनोसामाजिक अपाङ्गता भएका अठ्ठाइस हजार पैंतालिस जना, बौद्धिक अपाङ्गता भएका एघार हजार तीन सय अन्ठाउन्न जना, अटिजम अपाङ्गता भएका चार हजार आठ सय छयासी जना र बहुअपाङ्गता भएका सन्ताउन्न हजार चार सय छयासी जना रहेको तथ्याङ्क छ एवम् नेपाल सरकारद्वारा सूचीकृत भएका जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलनका घाइते र अपाङ्ग भएका सोह्र हजार चार सय छैसठ्ठी जना र सूचीकृत हुन बाँकी जनयुद्धका चार हजार छ सय जना अझै सूचीकृत हुन बाँकी रहेको तथ्याङ्क छ।

सम्माननीय अध्यक्ष महोदय, नीति कार्यान्वयनको तहबाट हेर्दा संयुक्त राष्ट्रसङ्घको वडापत्रको मर्म भावलाई आत्मसात् गर्दै हाम्रो संविधानले अपाङ्गता भएका व्यक्तिहरू माथि समाजमा गरिने सबै प्रकारका विभेदहरूलाई निषेध गरेको छ। संविधानको धारा ४२ (३) मा अपाङ्गता भएका नागरिकहरूलाई विविधताको पहिचानसहित मर्यादा र आत्म सम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा सम्मान पहुँचको हक हुने छ भनिएको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकार कार्यान्वयनसँग सम्बन्धित विशेष ऐन, २०७४, नियमावली, २०७७, अपाङ्गमैत्री एवम् पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सम्बन्धी निर्देशिका, २०६९ आज कार्यान्वयनको अवस्था के छ? स्वास्थ्य, जनसङ्ख्या मन्त्रालयले जारी गरेको दश वर्षे रणनीति, संविधानको धारा ८४ र १७६ अनुसार तीनै तहका सरकारमा अपाङ्गता भएका व्यक्तिहरू, सङ्घसंस्थाहरू र प्रतिनिधित्वको कार्यान्वयनको अवस्था आज के छ? अपाङ्गता नियमावली, २०७७ को नियम ९ अनुसार सत प्रतिशत पूर्ण अपाङ्गता भएका व्यक्तिहरू, अतिअशक्त व्यक्तिहरू, सबै प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरू, जनयुद्ध, अनआन्दोलन, मधेस आन्दोलन लगायतका घाइते भई सूचीकृत भएका विशिष्ट श्रेणी, प्रथम श्रेणी, तृतीय श्रेणी र चतुर्थ श्रेणीमा परेका व्यक्तिहरू एवम् सूचीकृत हुन बाँकी सबै प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूले भोगिरहेको संवेदनशील समस्याहरूको समाधानको लागि परिणाम त आज सरकार कति जवाफदेही भएर काम गरिरहेको छ। म सरकारसँग प्रश्न गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, संविधानको मौलिक हकमा तोकिएअनुसार अपाङ्गता भएका अधिकार कार्यान्वयनको तहबाट निवर्तमान "प्रचण्ड" नेतृत्वको सरकारबाट भएका कामहरू मध्ये उपचार, निर्भरण भत्ता, सामाजिक सुरक्षा, शिक्षा, सिपमूलक तालिम, प्रशिक्षणका कामहरू केही मात्रामा भएको देखिन्छ। यसलाई यो सरकारले निरन्तरताका साथ अगाडि बढाओस् भन्ने कुरा म राख्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, अपाङ्गता हुनु कुनै रहर र लहडको विषय होइन। सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको अग्रगामी राजनीतिक अधिकारको लाभ उपभोग आज जति गर्न हामीहरूले गर्न पाइराखेका छौं। त्यो हजारौं घाइते अपाङ्गयोद्धाहरूको भौतिक अङ्गको त्यागको जगबाट प्राप्त भएको हो भन्ने कुरा म यहाँ अवगत गराउन चाहन्छु। जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलनमा घाइते भइ शारीरिक र मनोसामाजिक रूपमा सत प्रतिशत पूर्ण अशक्त भई अशक्त, मध्यमअशक्त र अशक्त भएका सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका सेनानी घाइते अपाङ्गहरू आज शरीरभित्र गोली र बमका छर्राहरूको अझ झिक्न बाँकी छ। उनीहरूका शरीरभित्र रड, पेसमेकर र पाइपहरू राखिएका छन्। जनयुद्धका घाइते जाजरकोटका मानबहादुर

खड्का, कमला खड्का यतिखेर लगायत यतिखेर क्यान्सरको रोगबाट लडिरहेका सयौं त्यस्ता योद्धाहरू छन्। अझै अतिजटिल र जटिल प्रकारका शल्यक्रिया गर्न पर्ने एक हजार चार सय एकाउन्न जना रहेका छन्। चौध हजार चार सय असी जना जटिल प्रकारका चाहिँ शल्यक्रिया गर्ने कुरालाई चाहिँ सरकारले अगाडि बढाओस् भन्ने कुरा पनि म राख्न चाहन्छु। त्यसै गरी घाइते अपाङ्ग सङ्घबाट सूचीकृत गर्न आएका विगतमा कार्यविधि त्यो न्यायसङ्गत भएन। विभेद भएको कुराहरू आएको छ। र सोही कार्यविधिद्वारा सूचीकृत हुन बाँकीलाई सूचीकृत गर्न र साथै कार्यविधि संशोधन गरी समयमै पूर्ण बनाई बाँकीको औषधि उपचार, शल्यक्रिया, आवश्यक उपकरणहरू पूर्ण निःशुल्क गर्न र सम्माननीय अध्यक्ष महोदयमार्फत म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। अन्तिममा सम्मानित राष्ट्रिय सभाबाट सङ्कल्प प्रस्ताव पास भएको पनि वर्ष बितेको छ। बित्न लागेको छ। अपाङ्गता नियमावली, २०७७ को नियम ९ अनुसार सतप्रतिशत पूर्णअपाङ्गता भएका व्यक्तिहरु अतिअशक्त भएका व्यक्तिहरूले पाउनु पर्ने स्वास्थ्य उपचार, सामुदायिक सहायता, निर्भरण भत्ता, व्यक्तिगत सहयोगीको व्यवस्था सेवा एवम् सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, सिप, क्षमता विकास, गाँस, बास र सुरक्षाको व्यवस्था अपाङ्गमैत्री भौतिक संरचना निर्माण सरकारको प्रमुख दायित्व हो। सङ्कल्प प्रस्तावमा किटान गरिएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित अधिकारसम्पन्न अपाङ्गता अधिकार प्रवर्धन आयोग गठन लगायत नौवटा विषयहरू एवम् गृह मन्त्रालय, अर्थ मन्त्रालय, जनसङ्ख्या मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग वाणिज्य मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग मन्त्रालयसँग सम्बन्धित छयान्नब्बेवटा विषयहरू छन्। त्यसको कार्यान्वयन प्रगति बारे यस गरिमामय सभालाई जानकारी दिनको लागि म सम्माननीय अध्यक्षमार्फत म सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। र अपाङ्गता सम्बन्धी बनेका ऐन, कानुन, नियमावली, निर्देशिकाहरू समीक्षा सहित अपाङ्ग विशेष अधिकार कार्यान्वयन ऐन, २०८१ निर्माणका लागि विधेयक ल्याएर अपाङ्गता हक अधिकारको पूर्ण कार्यान्वयन गर्न सम्माननीय अध्यक्षमार्फत म सरकारसँग जोड्दार माग गर्न चाहन्छु। धन्यवाद। अभिवादन।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य तुलसा कुमारी दाहाल। समय ८ मिनेट।

(१४:४३ बजे)मानननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, आजको यस विशेष समयमा एउटा सन्दर्भ म यो राष्ट्रिय परिचय पत्रको उठाउन चाहन्छु। यो राष्ट्रिय परिचय पत्र नेपाल सरकारले एकद्वार प्रणालीलाई व्यवस्थित गर्नको निम्ति, पञ्जीकरण गर्नको निम्ति ल्याइएको सैद्धान्तिक रूपमा यो विषय ठिक छ। तर व्यावहारिक रूपमा आज ज्येष्ठ नागरिकले पाइरहेको दुःख र सास्ती हेर्दा हामीलाई पीडा महसुस भएको छ। म सम्माननीय अध्यक्षमार्फत गृहमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु। उहाँले एकचोटि स्थानीय तहका वडा कार्यालय, जिल्ला प्रशासन कार्यालयमा बसेको लाइन अस्तव्यस्तता, ज्येष्ठ नागरिकले पाएको दुःख र कष्टलाई अनुगमन गर्नको निम्ति म हार्दिक अनुरोध गर्न चाहन्छु। सङ्घीय सरकारले गरेको निर्णयको परिपत्र निर्देशन स्थानीय तहसम्म किन पुगिरहेको छैन? सङ्घीय सरकारको जवाफ र स्थानीय तहको जवाफ फरक छ। आज ज्येष्ठ नागरिकको पीडालाई निरीक्षण गरेर हाम्रा आदरणीय आमा बुबालाई यो दुःख कष्टबाट मुक्त गर्न पनि म आग्रह गर्न चाहन्छु। आवश्यक प्रविधि, दक्ष जनशक्ति, तालिम, सूचना लगायतका विषयमा व्यवस्थापन नगरीकन सुरुवात गरिएको यो परिचय पत्र राष्ट्रिय परिचय पत्र प्रदान गर्ने विषयले आफैं अन्योलता सिर्जना गरिरहेको छ। र कतिपय ज्येष्ठ नागरिकहरू सामाजिक सुरक्षा भत्ता लिन जाँदाखेरि जीवन गुमाउनु परेको स्थिति छ। डोकोमा बोकेर आफ्नो सन्तानले हिंड्नु पर्ने स्थिति छ र सर्वसाधारण जनतालाई यो अनावश्यक दुःख नदिउँ सरकार मेरो अनुरोध छ। यो परिचय पत्र अनिवार्य नै भएपनि आवश्यक प्रविधि, जनशक्ति जुटाएर ज्येष्ठ नागरिक जो हिंड्न सक्नुहुन्न उहाँहरूलाई घरघरमै गएर यो सरकार जुन जनताको घरघरमा भन्ने एउटा जुन आह्वान गरिरहेका छौं हामी घरमा पुगेको छ सिंहदरवार भनेर यो उदाहरण पेस गर्नको निम्ति अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, म अर्को विषय र सन्दर्भ यहाँ राख्न चाहन्छु। हामी द्वन्द्व व्यवस्थापनको सिलसिलामा छौं। र यो सिलसिला सँगसँगै यो बारुद, सुरुङ्गको विषयमा केही कुरा राख्न चाहन्छु। द्वन्द्व पक्षले विपक्षलाई तर्साउन, धम्क्याउन आफ्ना धेरै उद्देश्य पूरा गर्नको निम्ति प्रयोग गर्ने गरिएको साधन बारुदी सुरुङ, विस्फोटक पदार्थ, शङ्कास्पद वस्तुहरू जुन भेटिएका छन्, देखिएका छन्। र मानिसहरूलाई तर्साउने कार्य गरिरहेको छ जुन जमिनमुनि र जमिनमाथि प्रयोग गरेर द्वन्द्वको समयमा प्रयोग गरियो। हामी कहाँ दश वर्षको द्वन्द्वको समयमा पनि विस्फोटक पदार्थहरू प्रयोग भएका उदाहरणहरू पाइन्छन्। देशका विभिन्न ठाउँमा सत्ता पक्ष वा विद्रोही पक्षबाट जमिनमा बिच्छ्याइएका मानवीय क्षति र अङ्ग बिच्छ्याइएको कारणले भएको मानवीय क्षति र घाइतेका उदाहरणहरू समाजमा अहिले पनि भेटिन्छ।

(१४:३३ बजे) पुनः पीठासीनः-सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहाल।

माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-२०६३ साल मङ्सिर ५ गते नेपाल सरकार र माओवादी पक्ष बिच भएको शान्ति सम्झौतापछि नेपाली सेनाले राखेको विस्फोटक पदार्थ त्रिपन्न ठाउँमा राखिएको र त्यो त्रिपन्न ठाउँमा उठाइसकेको भन्ने छ भने तत्कालीन माओवादी पक्षले राखेको माइनको अवस्था के छ? त्यो निकालिइयो कि निकालिएन? यो खोजी गर्ने अवस्था देखिन्छ। शान्ति सम्झौता भएपछि पनि पछिल्ला दिनमा हालसालमा पनि विभिन्न घटनाहरू भएका विस्फोटक पदार्थहरू भेटिने गरेका छन्। जसबाट कतिपय नागरिकहरूको निधन हुने, घाइते हुने र अङ्गभङ्ग भइरहेको घटनाहरू हामीले सुनिरहेका छौं। देखिरहेका छौं। सञ्चारमाध्यमहरूमा आइरहेका छन्।

सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकार सम्बन्धित सरोकारवालामार्फत बारुदी सुरुङ विस्फोटक पदार्थहरू कहीं कतै भेटिएदेखि नछुने, नचलाउने, नजाने सुरक्षाकर्मीलाई खबर गर्ने भनी आम रूपमा सर्वसाधारणले थाहा पाउने गरी, सुन्ने गरी सञ्चार माध्यममा श्रव्यदृष्यमार्फत सूचना सम्प्रेषण गर्न पनि आवश्यक छ। द्वन्द्वका समयमा राखिएका विस्फोटक पदार्थहरू कहीं कतै छन् कि भनी यकिन गर्न खुला सिमानाको दुरुपयोग गरी हाम्रो देशभित्र विस्फोटक पदार्थ प्रयोग गरेको पनि हुन सक्दछ। यसतर्फ सतर्कता अपनाउन अध्ययन र अनुसन्धान गर्न आवश्यक छ। म सरकारलाई आग्रह गर्न चाहन्छु। विस्फोटक पदार्थ सम्बन्धी ऐन, २०१८ बनेपछि संशोधन भएको छैन। परिमार्जन भएको छैन। यो ऐनलाई समयसापेक्ष बनाउनको निम्ति पनि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु। २०८० साल भित्र मात्रै देशका विभिन्न भागमा बाह्रवटा विस्फोटक पदार्थ भेटिएर नेपाली सेनाले ती विस्फोटक पदार्थ निस्तेज गरेको भन्ने छ।

सम्माननीय अध्यक्ष महोदय, बारुदी सुरुङ् विस्फोटक पदार्थको प्रयोगसम्बन्धी समस्या हाम्रो देशको मात्रै होइन। यो अन्तर्राष्ट्रिय क्षेत्रको पनि समस्या हो। वारुदी सुरुङसम्बन्धी सन्धि माइन व्यान  कन्भेन्सनलाई १६४ राष्ट्रले अनुमोदन गरिसकेका छन्। तर नेपालले अनुमोदन गरेको छैन। शान्ति सम्झौतापछि नेपाली सेनाको डिस्पोजल टोलीमार्फत दश हजार विस्फोटक पदार्थ नष्ट गरेको भन्ने छ। सन् २०११ जुन १४ मा नेपाललाई वारुदी सुरुङ् मुक्त क्षेत्र घोषणा पनि गरियो। तर घटना घट्न अहिले पनि छोडेको छैन। यो गम्भीर र चिन्ताको विषय हो। यसतर्फ ध्यान दिन आवश्यक छ। अहिले विस्फोटक पदार्थ नष्ट गर्ने टोली प्रदेश तहसम्म रहेको भन्ने छ। यो टोलीलाई जिल्ला तहसम्म पुऱ्याउन आवश्यक छ। उनीहरूलाई आवश्यक पर्ने

आधुनिक प्रविधि, तालिम र सिपसहितको चुस्त दुरुस्त राख्न आवश्यक छ र म आग्रह गर्न चाहन्छु। बारुदी सुरुङ्मा परी घाइते भएका व्यक्तिहरूको उपचार, अपाङ्ग भएका व्यक्तिहरूको जीवन सहजीकरणको लागि आवश्यक सामग्री, रोजगारी र निधन भएकाहरूलाई राहत र सहयोगको विषयमा पनि सरकारले सोच्न आवश्यक छ। नेपाल सरकारले आफ्नो सुरुवाती समयमा नै सङ्क्रमणकालीन न्याय निरुपण गर्ने उद्देश्यले तार्किक निष्कर्षमा पुऱ्याउने उद्देश्यका साथ वेपत्ता पारिएका व्यक्ति छानबिन सत्य निरुपण तथा मेलमिलाप आयोग तेस्रो संशोधन विधेयक, २०८१ लाई प्रतिनिधि सभाबाट हिजो नै ३० गते पारित गरिसकेको छ। दिनको सङ्केत बिहानीले दिन्छ भनेझैं आगामी दिनमा नेपाली जनतालाई केन्द्रभागमा राखेर समृद्ध नेपाली सुखी नेपालीको अपेक्षा पूरा गर्नको निम्ति यो सरकारले पहल कदम लियोस्। म अनुरोध पनि गर्न चाहन्छु सरकारलाई जनतालाई केन्द्रभागमा राखेर सरकारले निर्णय लिनुपर्छ। दश वर्षे द्वन्द्वको समयमा भएका घटनाहरूको न्याय निरुपण गरिरहँदा त्यस बेलाका बारुदी सुरुङ्को अवस्थाहरू के छ? कस्ता विषयहरू थिए? र ती घटनाहरूलाई पनि संबोधन गर्नुपर्छ यो विधेयकले भन्ने मलाई लागेको छ। विस्फोटक पदार्थ सम्बन्धी ऐन, २०१८ नेपालको संविधान अनुकूल बनाउन आवश्यक छ र नेपाली सेनाको विस्फोटक जुन टोली छ। यो प्रदेश तहमा मात्र छ र जिल्ला तहमा नभएको हुँदा तुरुन्त जतिखेर त्यो शङ्कास्पद वस्तुहरू भेटिन्छ त्यतिखेर त्यो टोली सुरक्षाकर्मी पुग्न नसक्ने अवस्था देखिएको हुँदा यो टोलीलाई जिल्लास्तरसम्म पुऱ्याउन प्रविधिसहित, तालिमसहित र सामग्रीसहित व्यवस्थापन गर्नको निम्ति पनि सम्बन्धित मन्त्रालयको म ध्यानाकर्षण गराउन चाहन्छु। यस्तै यो बारुदी सुरुङ् विस्फोटक पदार्थसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिलाई नेपालले अहिलेसम्म अनुमोदन गरेको छैन। १६४ राष्ट्रले अनुमोदन गरिसकेको छ। नेपालले अनुमोदन नगर्नुको कारण के हो? र यो नेपालको लागि जुन शान्ति क्षेत्रको रूपमा हामी चाहिँ गर्दै छौं सङ्क्रमणकालीन न्यायलाई निरुपण गर्दै छौं। यो विषयलाई पनि हामीले लिनु पर्छ र फेरि पनि द्वन्द्व नहोस् भन्नेतर्फ सजग र सतर्कता अपनाउन आवश्यक छ। धन्यवाद।

(१४:५१ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, "विशेष समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब राष्ट्रिय सभा नियमावली, २०७५ को परिच्छेद-८ बमोजिमको प्रश्नोत्तर कार्यक्रम प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, अब म, माननीय सदस्य कमला पन्तले सोध्नुभएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित लिखित प्रश्नको उत्तर सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१४:५२ बजे) माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय सदस्य कमला पन्तले सोध्नुभएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित लिखित प्रश्नको उत्तर यस सम्मानित सभासमक्ष टेबुल गर्दछु। धन्यवाद।

(१४:५३ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, अब कार्यसूचीका मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरूको उत्तर दिने कार्यक्रम सुरु हुन्छ । माननीय सदस्यहरू, माननीय मन्त्रीले उत्तर दिनु भएपछि प्रश्नकर्ता माननीय सदस्यले चाहेमा आफ्नो प्रश्नसँग सम्बन्धित विषयमा केन्द्रित रही १ मिनेटभित्र पूरक प्रश्न सोध्न सक्नुहुने बेहोरा समेत जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म गृह मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय गृह मन्त्री रमेश लेखकलाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्दछु।

माननीय सदस्यहरू, अब म प्रश्नकर्ता माननीय सदस्य कृष्ण बहादुर रोकायलाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:५४ बजे) माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस):- सम्माननीय अध्यक्ष महोदय, यो मैले आज माननीय गृहमन्त्रीलाई सोध्न लाएको जुन प्रश्न छ। २०८१ जेठ ३० दुई महिनापछि माननीय गृहमन्त्रीज्यू यहाँ सम्मानित सदनमा पाल्नु भएकोमा यस निम्ति म माननीय गृहमन्त्रीलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। तर यसको लागि म माननीय गृह मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु। बिचमा सरकार थियो र सरकार निरन्तर रहन्छ। तर म सम्माननीय अध्यक्षज्यूमार्फत म के अनुरोध गर्न चाहन्छु भने कमसेकम सांसदले उठाएका प्रश्नहरूलाई समयमा सरकारले, सरकारका मन्त्रीले जवाफ दिने व्यवस्था मिलाइयोस् भन्ने कुरा म पहिला म सम्माननीय अध्यक्षज्यूलाई आग्रह गर्न चाहन्छु। र मैले आफूले सोधेको प्रश्न म माननीय

गृहमन्त्रीज्यूलाई म आग्रह गर्न चाहन्छु। २०८० कार्तिक १७ गते राती जाजरकोटको रामिडाँडा केन्द्रविन्दु बनाएर गएको भूकम्पका कारण जाजरकोट रुकुम पश्चिमका भूकम्पपीडित परिवारका अस्थायी टहरा निर्माणको लागि सरकारले दुई किस्तामा पच्चिस पच्चिस हजारका दरले पचास हजार दिने निर्णय गरेकोमा हालसम्म उक्त रकम समेत सबै पीडित परिवारले प्राप्त गर्न नसकेको, हावाहुरीका कारण केही टहराहरूलाई पूर्ण रुपले क्षति पुऱ्याएको। केही दिनमा मनसुन सक्रिय भई वर्षातका कारण भूकम्प पीडितहरूको जीवन झन् कष्टकर हुने अवस्था रहेको र पुर्ननिर्माणका लागि हालसम्म कार्यविधिसमेत बन्न नसकेकोले कहिलेसम्म कार्यविधि निर्माण भई भूकम्पपीडित परिवारको पुर्ननिर्माणको समस्या समाधान हुने हो? यो प्रश्न म सम्माननीय अध्यक्षमार्फत म माननीय गृहमन्त्रीज्यूलाई आग्रह गर्न चाहन्छु। धन्यवाद।

(१४:५५ बजे) <u>माननीय गृह मन्त्री रमेश लेखक</u>:- सम्माननीय अध्यक्षज्यू, समयका लागि धन्यवाद। माननीय प्रश्नकर्ता माननीय सदस्यज्यूलाई प्रश्नका लागि धन्यवाद। जाजरकोट र बझाङ केन्द्रविन्दु भएर गएको भूकम्पबाट पहिचान भएका पचासी हजार छ सय नब्बे सेवाग्राहीका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा मिति २०८०।०७।१९ गतेको कार्यकारी प्रमुखस्तरीय निर्णय बमोजिम रुकुम पश्चिम र जाजरकोट जिल्लामा तीन अर्ब सोह्र करोड रुपैयाँ निकासा भएको छ।

म सम्माननीय अध्यक्षज्यूमार्फत प्रस्तुतकर्ता माननीय सदस्यलाई प्रश्न अलि पुरानो भएपनि म यसको आजकै मितिसम्मको सबै विषयमा निवेदन गर्न अनुमति चाहन्छु। आजसम्म कै विषयलाई समेटेर मैले उत्तर दिनेछु।

जिल्ला विपद् व्यवस्थापन समितिबाट दुई अर्ब पच्चिस करोड पाँच लाख पच्चिस हजार रुपैयाँ स्थानीय विपद् व्यवस्थापन समितिको कोषमा निकासा भएको। स्थानीय विपद् व्यवस्थापन समितिबाट प्रक्रिया पूरा गरेका सत्तहत्तर हजार तेत्तिस लाभग्राहीका लागि पहिलो किस्तावापत् एक अर्ब बयान्नब्बे करोड अन्ठाउन्न लाख पच्चिस हजार रुपैयाँ लाभग्राहीको खातामा निकासा भइसकेको छ। जाजरकोट र बझाङ केन्द्रविन्दु भएर गएको भूकम्पबाट पहिचान भएका पचासी हजार छ सय नब्बे लाभग्राही मध्ये नौ हजार पाँच सय चौरासी लाभग्राहीका लागि जिल्ला विपद् व्यवस्थापन समितिबाट तेइस करोड छयान्नब्बे लाख रुपैयाँ जिल्ला विपद् व्यवस्थापन समितिबाट निकासा भएको मध्ये बझाङ जिल्लाका बाह्र सय पचपन्न लाभग्राहीले तीन करोड तेह्र लाख पचहत्तर हजार रुपैयाँ दोस्रो किस्ताबापत् समेत प्राप्त गरेका छन्। अन्य जिल्लामा दोस्रो किस्ता बापतको रकम वितरण भएको प्रतिवेदन प्राधिकरणमा आउने क्रम रहेको छ। अस्थायी आवास

निर्माणका लागि करिब नब्बे करोड चौरान्नब्बे लाख पचहत्तर हजार रुपैयाँ जाजरकोट, रुकुम पश्चिम, सल्यान, बझाङ र बाजुरा जिल्लाका जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिको कोषहरूमा मौज्दात रहेको छ। कार्यविधिको हकमा मिति २०८१ वैशाख २१ गते शुक्रवार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि समितिको बाइसौं बैठकले विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निमार्ण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ संशोधनका लागि अर्थमन्त्रालयमा सहमतिका लागि पठाएकोमा अर्थ मन्त्रालयले च. नं. ४५ मिति २०८१।०४।२५ को पत्रमार्फत सहमति प्राप्त भएको अवस्था छ। अब वित्तीय प्रबन्धको तयारीमा सरकार रहेको छ। सबै खालका विपद्बाट घर क्षतिग्रस्त भई बस्न नमिल्ने भएका विपद् प्रभावित व्यक्तिहरूका लागि विपद् प्रभावित घरपरिवारका लागि अस्थायी आवास निर्माण अनुदान मापदण्ड, २०८१ सबै प्रक्रिया पूरा गरेर मन्त्रिपरिषद्मा अन्तिम निर्णयका लागि पठाइएको छ। र सम्भवतः आज मन्त्रिपरिषद्को बैठक बसिराख्या छ र आज नै मन्त्रिपरिषद्को बैठकबाट यो स्वीकृत हुने मैले विश्वास लिएको छु। धन्यवाद।

(१४:५९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्यले पूरक प्रश्न सोध्न चाहनु भएकोले विषयमा केन्द्रित भई पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:५९ बजे) <u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस):-</u> सम्माननीय अध्यक्ष महोदय, रुकुम पश्चिम जिल्लाका भूकम्प पीडितका लागि पहिलो किस्ता बापत चौरासी करोड निकासा भएको र मिति २०८१।०१।१३ गतेसम्म विभिन्न स्थानीय तहबाट जम्मा दुई हजार एक जना भूकम्प प्रभावित सेवाग्राहीका लागि रु. तिन करोड उनन्चास लाख पच्चिस हजार रकम नपुग भई हालसम्म पहिलो किस्ता सबैले प्राप्त गर्न नसकेको र दोस्रो किस्ताको लागि चालिस करोड मात्र निकासा भएकोले हालसम्म स्थानीय तहले भूकम्प पीडित लाभग्राही कायम रहेकामध्ये रकम, उक्त पैंतिस करोड सोह्र लाख पचहत्तर हजार रकम नपुग भएकोले उक्त नपुग रकम कहिलेसम्म भूकम्पपीडिते प्राप्त गर्न सक्छन्? म सम्माननीय अध्यक्षमार्फत माननीय गृहमन्त्रीज्यूलाई जवाफको लागि म आग्रह गर्न चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय मन्त्रीज्यू।

(१५:०० बजे)**<u>माननीय गृह मन्त्री रमेश लेखक</u>**:- सम्माननीय अध्यक्षज्यू, प्रश्नकर्ता माननीयज्यूलाई पूरक प्रश्नका लागि पुनः धन्यवाद। मैले निवेदन गरिसकेको छु, माननीयज्यूले गर्नुभएको प्रश्न अत्यन्त महत्त्वपूर्ण छ। भूकम्पका कारणले धेरै जनधनको क्षति भएको छ। निकै पीडा छ र मैले तदारुकताका साथ आवश्यक मापदण्ड निर्माण गरेर चाँडोभन्दा चाँडो अस्थायी घरहरू आवासहरू निर्माण गर्नका लागि दुई किस्तामा रकम दिने गरेर पच्चिस पच्चिस हजार गरी दुई किस्तामा रकम दिने गरेर पनि मापदण्ड तयार भइसकेको छ र मैले निवेदन गरिसकें आजकै मन्त्रिपरिषद्बाट त्यसलाई पारित गर्ने प्रयत्नमा म रहेको छु। त्यसका सँगसँगै स्थायी आवास बनाउने विषयमा पनि नेपाल सरकारले, मेरो मन्त्रालयले बडो गम्भीरतापूर्वक विषय लिएको छ। र यसमा पनि हामी अगाडि बढेका छौं। धन्यवाद।

(१५:०१ बजे)**<u>सम्माननीय अध्यक्ष</u>**:- अब म, माननीय मन्त्रीलाई आसन ग्रहण गर्न अनुरोध गर्दछु।

माननीय सदस्यहरू, अब संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेलाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्दछु।

माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्य मदन कुमारी शाह (गरिमा)लाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु ।

(१५:०२ बजे) **<u>माननीय सदस्य मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूलाई मेरो प्रश्न छ। मुलुकको आर्थिक विकास गर्न सकिने महत्त्वपूर्ण आधार क्षेत्रको रूपमा रहेको पर्यटन क्षेत्रलाई पर्यटन उद्योगमा परिणत गर्न के कस्तो अल्पकालीन र दीर्घकालीन योजना छ? विदेशी पर्यटकहरूसँग दोब्बर तेब्बर हवाई भाडा के कति कारण र नीतिका कारण लिने गरिन्छ? यस्ता नीतिले दूरदराजमा रहेका पर्यटकीय क्षेत्रमा नकारात्मक प्रभाव परेको छैन र? धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय मन्त्रीज्यू।

(१५:०३ बजे) **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे:-** सम्माननीय अध्यक्ष महोदय, माननीय मदन कुमारी शाह (गरिमा) लाई म धन्यवाद दिन चाहन्छु। सरकारको गतिविधिमाथि, सरकारको नीतिमाथि, सरकारको कार्यक्रममाथि, योजनामाथि प्रश्न गर्नु सरकारलाई जवाफदेही बनाउनु हो। संसदले प्रश्न गर्ने र सरकारले जवाफ दिने यो पद्धतिको विकास गर्नु संसदीय पद्धतिको अत्यन्त सुन्दर पक्ष हो। त्यसका लागि प्रश्नकर्ता माननीय सदस्यलाई म धन्यवाद दिन चाहन्छु। र सम्माननीय अध्यक्षज्यूलाई पनि म धन्यवाद दिन चाहन्छु, यो जवाफ दिने अवसर प्रदान गर्नुभएकोमा।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपालको संविधान, सौंह्रौ योजना, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रसँग सम्बन्धित कानुनहरू, क्षेत्रगत नीति, नेपालको राष्ट्रिय पर्यटन रणनीति गुरुयोजना, २०१६ देखि २०२५ को आधारमा पर्यटकीय गन्तव्यको विकास, विस्तार र पहिचान, पदमार्गहरू निर्माण, पर्यटकीय उपजहरूको बारेमा स्वदेश तथा विदेशमा पर्यटन प्रवर्धन कार्यक्रमहरू निरन्तर रूपमा कार्यान्वयन गर्दै आएको छ। पर्यटन क्षेत्रको सम्भाव्यताप्रति हामी सर्वविदितै छौं। यस क्षेत्रमा बजेट अझै पर्याप्त हुन नसकेको वस्तुतथ्य हाम्रा अगाडि छ। पर्यटन रणनीति योजना सन् २०१६ देखि २०२५ र नेपाल भ्रमण दशकलाई कार्यान्वयनमा ल्याई यस वर्ष सोह्र लाख पर्यटक भित्र्याउने लक्ष्य राखिएको छ। सातवटै प्रदेश लक्षित गरेर "सात प्रदेश सात गन्तव्य" कार्यक्रम Eco Hill Tourism लगायतका कार्यक्रमहरू यो वर्षको बजेटमा समावेश गरिएको छ। भारत र चीनको पर्यटकलाई लक्षित गरी नेपाल पर्यटन बोर्डबाट रोड सो लगायतका प्रचारप्रसार गर्ने कार्यक्रमहरू कार्यान्वयन गरिएको छ। नेपाल पर्यटन बोर्डबाट एक सयवटा पर्यटकीय गन्तव्य पहिचान गरी पर्यटन विभागबाट यी गन्तव्यहरूमा पूर्वाधार निर्माणको कार्य भइरहेको छ। नयाँ पर्यटकीय गन्तव्यको पहिचान गर्न बजेट विनियोजन गरिएको छ। होटेललाई राष्ट्रिय प्राथमिकताप्राप्त उद्योग रूपमा विकास गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरी प्रक्रिया अगाडि बढाइएको छ। पर्यटन क्षेत्रको दक्ष जनशक्ति उत्पादन र विकास गर्ने कार्यलाई उच्च महत्त्व र प्राथमिकता दिइएको छ। आन्तरिक हवाई भाडा दरमा एकरुपता कायम गर्ने विषय महत्त्वपूर्ण विषय हो। र यो विषयलाई सरकारले प्राथमिकतामा राखि छलफल अगाडि बढाइसकेको छ। यो विषयमा स्वदेशी पर्यटक र विदेशी पर्यटक जो हवाई यात्रा गर्नुहुन्छ। टिकेटमा मूल्यको एकरुपताका निम्ति छलफल जारी रहेको र यसको सकारात्मक निर्णय आउने कुराको आग्रह गर्न चाहन्छु। धन्यवाद।

(१५:०६ बजे)**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्य मदन कुमारी शाह (गरिमा)लाई आफ्नो अर्को प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१५:०६ बजे)**माननीय सदस्य मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत म मन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु। पृथ्वीको भूस्वर्ग, देवभूमि देवताहरूको राजधानी नाम पाएको तथा प्राकृतिक संपदाले भरिपूर्ण तर नजर, पहुँच, योजना र कार्यक्रममा सधैं ओझेलमा परेको खप्तड क्षेत्रमा २०८० जेष्ठ २३ र २४ गते सम्पन्न प्रथम अन्तर्राष्ट्रिय आध्यात्मिक सम्मेलनको उद्घाटन गर्दै तत्कालीन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ले धार्मिक, सांस्कृति तथा प्राकृतिक पर्यटनको विकास गर्न केन्द्रीयस्तरमा खप्तड क्षेत्रविकास कोष गठन गरिने छ भनी आश्वासन दिनुभएको थियो। यस सन्दर्भमा नेपाल सरकारले के र कसरी आवश्यक कार्यबाही अगाडि बढाइरहेको छ? यस क्षेत्रलाई पर्यटन उद्योगको रूपमा विकास गर्न सरकारसँग कुनै योजना छ? धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय मन्त्रीज्यू।

(१५:०७ बजे) **माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेः-** धन्यवाद सम्माननीय अध्यक्ष महोदय। खप्तड क्षेत्र पर्यटन विकासको मुख्य आधार तथा पर्यटकको मनोरम गन्तव्य हो। सुखद् संयोग नै भन्नुपर्छ प्रश्नकर्ता माननीय सदस्य र म उत्तर दिने सरकारको तर्फबाट मन्त्री एउटै सेरोफेरोका हौं। छत्रछाया, त्यही खप्तडको छत्रछाया र त्यही सेरोफेरोका हौं, यसलाई म सुखद् संयोग मान्छु। यस क्षेत्रको विकासको लागि सङ्घीय सरकारले विभिन्न पूर्वाधार विकासको लागि लगानी गरिरहेको छ। यस आर्थिक वर्षमा पनि यस क्षेत्रको विकासको लागि पूर्वाधार निर्माणमा रकम विनियोजन गरिएको छ भने खप्तड क्षेत्र विकास कोष स्थापना सम्बन्धमा छलफल भइरहेको बेहोरा म अनुरोध गर्दछु। अन्त्यमा यस सम्मानित सदनमा विभिन्न सवाल र केही पूरक प्रश्न छ कि सम्माननीय अध्यक्षज्यू?

(१५:०८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्यले पूरक प्रश्न सोध्न चाहनु भएकोले विषयमा केन्द्रित भई पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु ।

(१५:०८ बजे) <u>माननीय सदस्य मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-</u> सम्माननीय अध्यक्षज्यूमार्फत माननीयज्यूलाई मेरो पूरक प्रश्न छ। खप्तड क्षेत्रको पर्यटकीय विकासको लागि योजनाबद्ध रूपमा अगाडि बढ्ने आश्वासन दिनुभएकोमा म मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु। खप्तड क्षेत्र राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने भएकोले प्रदेश सरकारको मन्त्रालयस्तरमा गठित खप्तड क्षेत्र विकास समितिले त्यस क्षेत्रलाई पर्यटन औद्योगिक क्षेत्रको रूपमा विकास गर्न सक्दैन। यस क्षेत्रलाई सङ्घीय सरकारको आधिकारिक क्षेत्रमा ल्याएर खप्तड क्षेत्र विकास कोष बनाई अगाडि बढ्नुपर्छ भन्ने मान्यताका आधारमा नै सम्माननीय प्रधानमन्त्री त्यति बेलाकोबाट खप्तड क्षेत्र विकास कोष बनाउने आश्वासन प्राप्त भएको थियो। सरकारको यस बारे प्रस्ट धारणा अझै आएन। प्रस्टताका लागि सम्माननीय अध्यक्षज्यूमार्फत माननीय मन्त्रीज्यूलाई अनुरोध गर्दछु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय मन्त्रीज्यू।

(१५:०९ बजे) <u>माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डे:-</u> पूरक प्रश्नका लागि माननीय मदन कुमारी शाह (गरिमा) लाई म पुनः धन्यवाद दिन चाहन्छु। हामी सङ्घीय शासन व्यवस्थामा छौं। तीन तहका भूमिकाहरू हामीले प्रभावकारी पनि बनाउनु छ। सृजनशील पनि बनाउनु छ र व्यवस्थित पनि गर्नु छ। त्यो सन्दर्भमा सङ्घको भूमिका के हुने? यसको सीमाङ्कन, प्रदेशको भूमिका कति रहने? यसको सीमाङ्कन र स्थानीय तहहरूको भूमिका के हुने? सीमाङ्कन गर्न जरुरी छ । यो सँगसँगै हामीले कोष स्थापनाको छलफल अगाडि चलाइरहँदा तर माननीय सदस्यको के कुरा प्रति म सहमत छु भने खप्तड क्षेत्र जस्तो ठुलो महत्त्व बोकेको पर्यटकीय महत्त्व बोकेको त्यो क्षेत्रका लागि सङ्घ आफैंले आफ्नो कार्यक्रम दिन सक्यो भने त्यसको ओज, त्यसको महत्त्व राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा त्यसको प्रचार प्रसारको दायरा, क्षितिज पनि विशाल हुनसक्ने कुरामा मन्त्रालय र नेपाल सरकार सकारात्मक छ। तर हामी तीनै तहको समन्वयलाई सर्वोपरी राख्दै सङ्घीयताको मर्मलाई सर्वोपरी राख्दै नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय एउटा निष्कर्ष र निचोडमा पुग्नेछ भन्ने कुरा म विश्वास दिलाउन चाहन्छु।

(१५:१० बजे)**सम्माननीय अध्यक्षः**- अब म, माननीय मन्त्रीज्यूलाई आसनग्रहण गर्न अनुरोध गर्दछु।

माननीय सदस्यहरू, अब ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्कालाई माननीय सदस्यले सोध्ने प्रश्नको जवाफ दिनको लागि रोष्ट्रममा आउन आग्रह गर्दछु ।

माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्य मदन कुमारी शाह (गरिमा) लाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु ।

(१५:११ बजे)**माननीय सदस्य मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)ः**- सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीज्यूलाई मेरो प्रश्न छ। जानकारीमा आए बमोजिम महाकाली सिँचाइ अन्तर्गत टनकपुर मूल नहर र सहायक नहर निर्माणका लागि पर्याप्त बजेट नभएको नहर निर्माण स्थलका तेह्रवटा सामुदायिक वनका सात हजार दुई सय एक्काइस रुख कटान आदेश अझै प्राप्त भइनसकेको नेपाल भारत दुवै देशको समझदारीमा मात्रै हुने भएकोले र सो समझदारी दुवै देशका बिच भइनसकेकोले नेपाल नहरका लागि महाकाली नदीमा निर्माण गरिएको हेड रेगुलेटरको अझै विधिवत् उद्घाटन नभएको र भारतीय भूमिमा शारदा नहरबाट हेड रेगुलेटर र लिङ्क नहर निर्माण गर्न नसकेकोले नेपालतर्फ दोधारा र चाँदनीमा उपलब्ध हुने १० क्युमेक्स पानीका लागि नेपालपट्टि निर्माण गरिने नहर तथा संरचनाको डिजाइन लागत अनुमान इत्यादि भइसकेको भएपनि ठेक्का लगाउने कार्य अगाडि नबढेको देखिन्छ। यस सम्बन्धमा तथा महाकाली सिँचाइ आयोजना तेस्रो चरणको प्रगति के कति र कस्तो छ? मेरो प्रश्न रहेको छ। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय मन्त्रीज्यू।

(१५:१२ बजे) **माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्काः**- सम्माननीय अध्यक्षज्यू, माननीय प्रश्नकर्ता मदन कुमारी शाह (गरिमा) ज्यू, माननीयज्यूहरू, प्रश्नको लागि धन्यवाद। यो अत्यन्तै महत्त्वपूर्ण विषयहरू छन् । नेपालको अहिलेको सन्दर्भमा विकास निर्माणका आयोजनाहरूमा थुप्रै खालका समस्याहरू छन्। र प्रगतिको हिसाबले पनि यो अन्तरमन्त्रालयहरूसँग सम्बन्धित विषय रहने भएको कारणले पनि विकास निर्माणका आयोजनाहरू ढिलासुस्ती हुने र समयमा सम्पन्न नहुने, लागत बढ्ने र हामीले अपेक्षा

गरेअनुसारको प्रतिफल नआउने समस्याकै रूपमा रहेको पाइन्छ। त्यसो भएका कारणले यो चासो र चिन्ताका लागि म सम्मान व्यक्त गर्न चाहन्छु।

मैले सम्हाल्दै आएको मन्त्रालयको अहिलेको यो आयोजना महाकाली सिँचाइ आयोजनाका सन्दर्भमा अहिले आर्थिक २०८०।०८१ को लागि यस महाकाली सिँचाइ आयोजनामा तेस्रो चरणलाई पुंजी तर्फ एक अर्ब चौध करोड रुपैयाँ चाहिँ विनियोजन भएको पाइन्छ। र यसका ठेक्कामा कुल तीन अर्ब एकहत्तर करोड असी लाख रुपैयाँ दायित्व रहेको देखिन्छ। पैसाको अभाव ठिक हो। केही पैसाको अभाव रहेकै छ। यसलाई स्रोत सुनिश्चितता गरेर यसका कामहरू अगाडि बढाउने पर्ने। यहाँ तीन चारवटा विषयहरू चाहिँ जग्गा प्राप्ति, वनको समस्या रहेको पाइन्छ। अहिले भर्खरै हामीले वनको सन्दर्भमा रुख कटानका लागि क्याविनेट निर्णय गरिसकेको अवस्था छ। अब यो समस्या चाहिँ सकिइसक्या छ। सात हजार चार सय अट्ठाइसवटा रुख कटान गर्नुपर्ने अवस्था रहेछ। यो बिचमा समय लम्बियो। रुखहरू पनि बढ्यो। त्यसको समेत यकिन गरेर रुख कटानका लागि मन्त्रिस्तरीय निर्णय क्याविनेटस्तरीय निर्णय भइसकेको छ। अब यसको समस्या रहेन। अर्को यस आयोजनाको समस्या भनेको लागतको कुरा छ। लागतको कुरा चाहिँ अहिले अर्थ मन्त्रालयसँग छलफल भइराख्या छ। र यो चाँडै नै हामीले स्रोत सुनिश्चितता गर्ने भन्ने छ। त्यसो भएको कारणले यसलाई अब आर्थिक हिसाबले पनि समस्या रहँदैन भन्ने म आग्रह गर्न चाहन्छु। जहाँसम्म सन्दर्भ छ यो हाम्रो नेपाल र भारतको सन्दर्भको विषय छ। यो दुवैतिर निर्माण गर्नुपर्ने विषय भएका कारणले यी निर्माणमा केही समस्याहरू दुईपक्षीय छलफल, संवाद गर्नुपर्ने र अहिले भारत सरकारसँग यस विषयमा कुराकानी भइराखेको छ। र यसको समस्या पनि चाँडै समाधान हुने र आगामी दिनहरूमा यसलाई समयमै सम्पन्न गर्ने भन्ने नै छ। १० क्यूमेक्स पानी छोड्ने प्राप्त गर्ने कुरा चाहिँ यो निर्माण भइसकेपछि सम्झौतामा हाम्रो यकिन भइसकेको छ। सम्झौतामा छ र यसलाई चाहिँ तल माथि नहुने कुरा पनि म आग्रह गर्न चाहन्छु। र अहिले माननीयज्यूले उठाउनु भएको प्रश्नको विषयमा हेड वर्क्सपट्टिको कामहरू सम्पन्न भएको र बिचमा चाहिँ यो उद्घाटन गर्नका लागि इण्डिया सरकार र हामी बिचमा कुरा गरेर यसलाई चाहिँ सहमति गरेर काम गर्नुपर्ने भएको कारणले यो चाँडै नै सुचारु हुन्छ भन्ने कुरा म निवेदन गर्न चाहन्छु।

यसको प्रगति विवरणकै हिसाबमा कुरा गऱ्यो भने यसलाई आयोजनाको तेस्रो त्रैमासिकसम्मको समष्टिगत भौतिक प्रगति यसको २१% भएको छ। आयोजनाको तेस्रो त्रैमासिकसम्मको समष्टिगत वित्तीय प्रगति पनि २१% नै छ। र आयोजनाको आ. व. को तेस्रो त्रैमासिकसम्मको भौतिक प्रगति चाहिँ ९४% छ। र आयोजनाको त्रैमासिक समष्टिगत वित्तीय

प्रगति १००% छ। र आयोजना सम्पन्न हुने फेज वानको आर्थिक वर्ष २०७७।०७८ देखि २०८२।०८३ सम्म यो सम्पन्न हुने हो। यो समयमै सम्पन्न हुन्छ भन्ने कुरा म जानकारी गराउन चाहन्छु। धन्यवाद।

(१५:१७ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, अब प्रश्नकर्ता माननीय सदस्यले पूरक प्रश्न सोधन चाहनु भएकोले विषयमा केन्द्रित भई पूरक प्रश्न सोधन समय उपलब्ध गराउँछु।

(१५:१७ बजे) <u>माननीय सदस्य मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-</u> सम्माननीय अध्यक्षज्यू, सम्माननीय अध्यक्षज्यूमार्फत माननीय मन्त्रीज्यूलाई मेरो पूरक प्रश्न रहेको छ। भारतको शारदा नहरमा हेड रेगुलेटर र भारतीय भूमिमा बन्नुपर्ने लिङ्क क्यानल बनाउने जिम्मा नेपालको रहेको तर भारतीय भूमिमा बन्ने भएकाले भारतले सहमति दिनुपर्ने भन्ने बुझें। यदि मैले ठिक बुझेको छु भने यतिका समयसम्म पनि भारत पक्षको सहमति लिन किन बिलम्ब भएको भन्ने उत्तर पाइएन। स्पष्टताको लागि अनुरोध गर्दछु तथा नेपाल सरकार एउटै छ, अन्तरमन्त्रालयगत समन्वयमा किन कमजोरी भइरहेको छ? धन्यवाद।

<u>सम्माननीय अध्यक्षः</u>- माननीय मन्त्रीज्यू।

(१५:१८ बजे) <u>माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्काः-</u> धन्यवाद पूरक प्रश्नका लागि माननीयज्यूलाई फेरि पनि। यो यसको डिजाइन, ड्रोइङ्ग सबै तयार भइसकेको अवस्था छ र हेड रेगुलेटरको र भारतीय भूमिका बन्नुपर्ने लिङ्क क्यानल हालसम्म पनि नबनेको भन्ने कुरा चाहिँ अगाडि बनिसकेको र भारतपट्टिको चाहिँ अलिकति हामी अहिले संवादमा भएको कारणले यसको समस्या चाँडै टुङ्गिने र यो चाँडै नै सुरु हुने अनि यसको कार्यलाई अगाडि बढाउने भन्ने हामी अहिले संवादमै छौं। त्यसो भएको कारणले यो दुई देशबिचको सम्बन्धलाई सुमधुर गर्नु पर्ने विवादभन्दा पनि समाधानतिर लगेर यसलाई चाहिँ सल्टाउनु पर्ने भएको कारणले अन्य प्रगति भइसक्या छ। सानो काम अड्क्या हो। अब यो चाँडै नै समाधान हुन्छ। धन्यवाद।

(१५:१९ बजे) <u>सम्माननीय अध्यक्षः</u>- अब म, माननीय मन्त्रीलाई आसन ग्रहण गर्न अनुरोध गर्दछु।

मानननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद्को मर्यादाक्रममा हेरफेरसम्बन्धी पत्र प्राप्त हुन आएको छ, अब म, उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम मिति २०८१/३/३१ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्मा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको सिफारिसमा देहाय बमोजिम मर्यादाक्रममा हेरफेर गर्नुभएको बेहोरा सादर अनुरोध गर्दछु।

| क.सं | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री केपी शर्मा ओली | प्रधानमन्त्री | |
| २. | श्री प्रकाशमान सिंह | उपप्रधानमन्त्री | सहरी विकास |
| ३. | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ |
| ४. | श्री पृथ्वी सुब्बा गुरुङ | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ५. | श्री रमेश लेखक | मन्त्री | गृह |
| ६. | श्री शरदसिंह भण्डारी | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| ७. | डा. आरजु राणा | मन्त्री | परराष्ट्र |
| ८. | श्री प्रदीप यादव | मन्त्री | खानेपानी |
| ९. | श्री बलराम अधिकारी | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १०. | श्री दामोदर भण्डारी | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| ११. | श्री नवलकिसोर साह सुडी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १२. | श्री देवेन्द्र दाहाल | मन्त्री | भौतिक, पूर्वाधार तथा यातायात |
| १३. | श्री तेजुलाल चौधरी | मन्त्री | युवा तथा खेलकुद |

| | | | |
|---|---|---|---|
| १४. | श्री बद्रीप्रसाद पाण्डे | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १५. | श्री अजय कुमार चौरसिया | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १६. | श्री प्रदिप पौडेल | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| १७. | श्री रामनाथ अधिकारी | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १८. | श्री विद्या भट्टराई | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १९. | श्री मानबीर राई | मन्त्री | रक्षा |
| २०. | श्री दिपक खड्का | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| २१. | श्री राजकुमार गुप्ता | मन्त्री | संघीय मामिला तथा सामान्य प्रशासन |
| २२. | श्री ऐनबहादुर शाही ठकुरी | मन्त्री | वन तथा वातावरण |

(नारायणप्रसाद शर्मा दुवाडी)
सचिव
२०८१ साउन २४

माननीय सदस्यहरू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएका छन्, अब म, उक्त पत्रहरूको बेहोरा क्रमशः जानकारी गराउँछु।

(क) "माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्का निजी कामको सिलसिलामा संवत् २०८१ साल साउन २१ गते संयुक्त राज्य अमेरिकातर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु।

(ख) माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी भारतको नयाँ दिल्लीमा आयोजना हुने विमस्टेक व्यापार सम्मेलनमा सहभागी हुन संवत् २०८१ साल साउन

२२ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री बलराम अधिकारीले सम्हाल्ने गरी तोक्नुभएको बेहोरा अनुरोध गर्दछु।

(लीलादेवि गडतौला)
मुख्यसचिव
२०८१ साउन २२

माननीय सदस्यहरू, अब म, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई "महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८१" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१५:२३ बजे) <u>माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई:-</u> सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८१ यस सम्मानित सभासमक्ष पेस गर्दछु। धन्यवाद।

(१५:२४ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, अब म सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति माया प्रसाद शर्मालाई "कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाहरूको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमनसम्बन्धी प्रतिवेदन, २०८१" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१५:२५ बजे) <u>सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति माया प्रसाद शर्मा:</u>-सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको २०८१ साल वैशाख २७ गतेको निर्णयअनुसार समितिका सभापति माया प्रसाद शर्माको नेतृत्वमा माननीय श्री मदन कुमारी शाह (गरिमा), माननीय सुमित्रा वि. सी., माननीय श्रीकृष्ण अधिकारी, माननीय नर बहादुर विष्ट, समिति सचिव कमला शाक्य, कम्प्युटर अधिकृत श्री करण बहादुर भाटको टोलीले २०८१ साल ज्येष्ठ २४ गतेदेखि ज्येष्ठ २७ गतेसम्म २०८० कार्तिक १७ गते शुक्रबार रातको ११:४७ मिनेटमा जाजरकोट जिल्लाको बारेकोटलाई केन्द्रविन्दु बनाई गएको ६.४ हेक्टर स्केलको भूकम्पबाट प्रभावित जिल्लाहरू जाजरकोट, रुकुम

पश्चिम र सल्यानको विभिन्न क्षेत्रको स्थलगत अवलोकन तथा निरीक्षण गरेको थियो। २०८० कार्तिक १७ गते भूकम्प र त्यसपछि पटकपटक गएका पराकम्पनले कर्णाली प्रदेशका केही जिल्लाहरूमा अकल्पनीय रूपमा मानवीय र भौतिक क्षति पुऱ्याएको थियो। भूकम्पबाट १५३ जनाले ज्यान गुमाएका थिए भने ३६४ भन्दा बढी घाइते भएका थिए। ठुलो सङ्ख्यामा नागरिकहरू घरबारविहीन हुन पुगेका छन्। र सरकारी तथा सामाजिक भवनहरू सार्वजनिक भवनहरू, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् पुरातात्त्विक महत्त्वका धरोहरहरू, विद्यालय भवन, पुल, सडक, खानेपानी लगायतका संरचनाहरूमा ठुलो क्षति भएको थियो।

सम्माननीय अध्यक्ष महोदय, विपत्तिले ल्याएको यो दुःखद् घडीमा तत्कालीन सरकारका पदाधिकारी, राजनीतिज्ञ र विभिन्न सङ्घसंस्थाहरूले एकताबद्ध भएर विपद्को सामना गर्ने सङ्कल्पकासाथ काम सुरु गरेका थिए। उद्धार, उपचार, राहत, पुनर्स्थापना र पुनर्निर्माण कार्यलाई तीव्रताका साथ अगाडि बढाउने उद्देश्यले सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, माननीय मन्त्रीहरू, सङ्घीय संसदका समितिका साथै सङ्घीय संसदका सदस्यहरूले समेत स्थलगत अनुगमन गई आवश्यक कार्यहरू गरेका थिए। सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति र सङ्घीय संसदका सदस्यहरू, अन्य सदस्यहरू समेत राहत वितरण र उद्धारको कार्यमा सरकारले गरेको कार्यको प्रशंसा गर्दै पुनर्निर्माण र पुनरावलोकन पनि तदारुकताका साथ कार्य गर्न सरकारलाई निर्देशन दिएको थियो। सरकारले भूकम्प प्रभावित क्षेत्रमा र सङ्घीय संसदमा र त्यसका समितिहरूमा पटकपटक यथाशक्य पुर्नस्थापना र पुनर्निर्माणको कार्य सम्पन्न गर्ने आश्वासन प्रदान गरिएको थियो। सरकारले प्रतिबद्धता जनाएबमोजिम भूकम्प प्रभावित क्षेत्रमा पुनर्स्थापना र पुनर्निमार्णको काम नभएको भन्ने सम्बन्धित क्षेत्रका माननीय सदस्यहरूले संसद र समितिका बैठकहरूमा बारम्बार गुनासो गरेका कारण संसद र समितिहरूबाट भएका निर्देशन र सरकारले संसद र समितिका बैठकहरूमा र स्थानीय भूकम्प पीडितहरूलाई दिएको आश्वासनको कार्यान्वयन भए/नभएको अनुगमन गरी आवश्यकता अनुसार संसदलाई जानकारी गराउनु हुन र नेपाल सरकारलाई थप राय, सल्लाह, सुझाव र निर्देशन दिन सङ्घीय संसद राष्ट्रिय सभाको सार्वजनिक नीति तथा प्रत्यायोजित समितिले भूकम्प प्रभावित क्षेत्रको स्थलगत अवलोकन तथा अनुगमन गर्ने निर्णय गरेको थियो।

सम्माननीय अध्यक्ष महोदय, अनुगमनको क्रममा समितिले भूकम्प प्रभावित क्षेत्रका विभिन्न क्षेत्रहरू भूकम्पबाट क्षति भएका स्थलहरू, विद्यालय भवनहरू, मठमन्दिर तथा पुरातात्त्विक महत्त्वका स्थलहरू, खानेपानी तथा सरकारी भवनहरू सहित प्रभावित स्थानीय घरहरू समेत अनुगमन तथा निरीक्षण गरी जनप्रतिनिधिहरू, प्रमुख जिल्ला अधिकारीहरू, विभिन्न सरकारी

कार्यालयका प्रमुखहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, सुरक्षा निकायका प्रतिनिधिहरू, नागरिक मञ्चका प्रतिनिधिहरू, नागरिकसँग राहतसम्बन्धी विभिन्न उपलब्ध सङ्घसंस्था, प्रतिनिधिहरू र सम्भव भएसम्म सर्वसाधरणहरूसँग व्यक्तिगत र सामुहिक छलफल अन्तरक्रिया कार्यक्रम गरिएको थियो। विपद्का कारण भोग्नु परेको क्षति एवम् पीडाले सबैलाई मर्माहित बनाएको छ। प्राकृतिक विपत्तिले निम्ताएको सङ्कटको सामना गर्दै प्रभावित नागरिकहरूको पुनर्स्थापना र पुनर्निर्माणका कार्यहरू प्रभावकारी ढङ्गले सञ्चालन गर्ने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ। ध्वस्त भएका विकासका पूर्वाधार र भौतिक संरचनाको मर्मत सम्भार र पुनर्स्थापनाको कार्यमा सन्तोषजनक प्रगति भएको देखिँदैन। विपद्को घडीमा राजनीतिक दलहरूले सबै प्रकारका मतान्तरलाई बिर्सिएर सहकार्य, सहमति र एकताका साथ उद्धार तथा राहतका कार्यहरू सन्तोषजनक रूपमा गरी नागरिकलाई परेको पीडालाई न्यूनीकरण गर्दै विपद्को सामना गर्ने र जनजीवनलाई सामान्य बनाउने महत्त्वपूर्ण भूमिका खेलेका थिए। सरकारी तहबाट समेत पीडितहरूको उद्धार र राहत वितरणको कार्य सन्तोषजनक रहे पनि पुनर्निर्माण र पुनर्स्थापनाको कार्य भने प्रभावकारी बन्न सकेको छैन। भूकम्प गएको आठौं महिनासम्म पनि स्थानीय पीडितहरूको जनजीवन कष्टकर बन्दै गएको छ। विद्यालय भवनहरू लगायतका भूकम्पले प्रभावित संरचनाहरू पुनर्निर्माण हुन सकेका छैनन्। सङ्घीय सरकार लगायतका सरकारी निकायहरू पुनर्स्थापना र पुनर्निर्माणमा तीव्रता दिने र नागरिकहरूको जीउधनको सुरक्षा गर्ने पटकपटक प्रतिबद्धता भएपनि स्थानीय वस्तुस्थिति कहाली लाग्दो छ। भूकम्पबाट प्रभावितहरू आजैसम्म पनि आफन्त, पशु चौपाया र घर गुमाउँदाको पीडाले भावनात्मक रुपले सहज अवस्थामा पुग्न सकेको स्थिति छैन। उनीहरूको मानसिक स्वास्थ्यलाई समानीकरण गर्न चुनौतीपूर्ण रहेको छ। मौसमी समस्याका बढ्ता जोखिमपूर्ण अवस्थामा पुगेका नागरिकहरूलाई सुरक्षित राख्न झन् चुनौतीपूर्ण देखिएको छ। असुरक्षित पानीका कारण पानीजन्य र मौसमजन्य रोग र महामारीको सम्भावना अझै उच्च रहेको छ। उच्चजोखिममा रहेका विशेष गरी नवजात शिशु, गर्भवती महिला, ज्येष्ठ नागरिक, नियमित औषधि प्रयोगकर्ता, मानसिक तथा मानसिक स्वास्थ्य समस्या र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राख्न जरुरी देखिन्छ। उच्च जोखिम भएका स्थानीय स्थानहरूमा अझै पनि पहिरो जान सक्ने सम्भावना रहेकाले ती स्थानहरू बस्तीहरूमा बसोबास भएका बासिन्दाहरूलाई अविलम्ब सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था छ। आवास निर्माणका लागि उक्त स्थानमा भूकम्प प्रतिरोधात्मक घरहरू यथाशीघ्र चाँडो निर्माण गर्न नगद अनुदानको व्यवस्था गर्नुपर्ने, संरचना निर्माणका लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने, पीडितहरूलाई आवश्यक सुझाव, सल्लाह र परामर्श दिने व्यवस्था मिलाउनुपर्ने छ। भूकम्पबाट क्षति भएका जिल्लाहरूमा विकास निर्माणका कार्यहरूमा उच्च

प्राथमिकतासहित काम गर्न थप बजेट व्यवस्थापन गर्न र कार्यविधिमा रहेको जटिलतालाई सहजीकरण गर्न आवश्यक छ। प्राविधिक क्षेत्रका सबै सरकारी कार्यालयका भवनहरू, विद्यालय भवनहरू स्वास्थ्य संस्थाहरूमा क्षति पुगेकाले बालबालिका पठनपाठन र उपचार सेवामा सञ्चालन गर्न कठिनाई भएको छ। सुत्केरी महिला तथा नवजात शिशु, वृद्धवृद्धाहरूको उपचार र भूकम्पका कारण मनोवैज्ञानिक असर परेका परामर्श दिने व्यवस्था तत्काल मिलाउनुपर्ने देखिन्छ। क्षतिग्रस्त मठमन्दिरहरूमा रहेका बहुमूल्य धार्मिक, पुरातात्त्विक महत्त्वका वस्तुहरूको संरक्षण र पुनर्निमाणलाई उच्च प्राथमिकताका साथ आवश्यक व्यवस्था मिलाउनुपर्ने अवस्था देखिएको छ।

सम्माननीय अध्यक्ष महोदय, सानो क्षेत्रमा फैलिएको कम क्षमताको भूकम्प पछिको व्यवस्थापन लामो समयसम्म पनि नसकिनुले हाम्रो विपद् व्यवस्थापन क्षमता कमजोर रहेको पुष्टि गरेको छ। हाम्रो यो व्यवस्थापन क्षमताले भविष्यमा आउनसक्ने ठुला विपत्तिहरूमा भयावह अवस्था आउन सक्ने आँकलन गर्न कठिन छैन। नेपालको पश्चिमी भागमा पाँचसय वर्षदेखि ठुलो भूकम्प नगएका कारण जुनसुकै बेला ठुलो भूकम्प जानसक्ने विज्ञहरूको आँकलन रहेको सन्दर्भमा सरकारको तयारी पर्याप्त नभएको पुष्टि गर्दछ। त्यसैले यथाशीघ्र भविष्यमा आउन सक्ने कुनै पनि किसिमको विपत्तिको व्यवस्थापन गर्न सक्ने गरी आफ्नो क्षमता र साधनस्रोतको उचित व्यवस्थापन गर्न कर्णालीका भूकम्प पीडितहरूको पुनर्निर्माण र पुनर्स्थापनाको काम यथाशक्य पूरा गर्न सम्माननीय अध्यक्षमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको "कर्णाली प्रदेशको भूकम्प प्रभावित क्षेत्रमा सरकारी आश्वासन कार्यान्वयनको अवस्थाको स्थलगत अनुगमन प्रतिवेदन, २०८१" राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १८८ बमोजिम सम्मानित सदनसमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:३५ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब म, राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याललाई "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्न समय उपलब्ध गराउँछु।

(१५:३५ बजे) <u>राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याल:-</u> सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधि सभाबाट पारित भएको विधेयकको सन्देश प्राप्त हुन आएको छ।

अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १२४ को उपनियम (१) बमोजिम उक्त सन्देश सभासमक्ष जानकारी गराउँछु।

श्री सचिव,
राष्ट्रिय सभा।

विषयः <u>सन्देश सहित विधेयक पठाइएको।</u>

प्रतिनिधि सभामा उत्पत्ति भएको "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" संवत् २०८१ साल साउन ३० गते बुधबार बसेको प्रतिनिधि सभाको बैठकले कानुन, न्याय तथा मानव अधिकार समितिको प्रतिवेदन (संशोधन) सहित पारित गरेकोले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२७ को उपनियम (१) बमोजिम सन्देशसहित विधेयक पठाइएको बेहोरा अनुरोध गर्दछु।

(सुरेश अधिकारी)
सचिव
२०८१/०४/३१

अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम १२४ को उपनियम (१) बमोजिम उक्त सन्देश यस सम्मानित सभासमक्ष टेबुल गर्दछु। धन्यवाद।

(१५:३७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल भदौ २ गते आइतवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल भदौ २ गते आइतवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः ३:३७ बजे।**